राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २५, अङ्क– ६, भदौ १३ गते शुक्रबार, २०७६ (30 August, 2019) www.janajibro.com मूल्य रु. १०/–

# ‘राजनीतिमा भिड्नुको विकल्प छैन’

## अध्यक्ष ओली र वरिष्ठ नेता नेपालबीच ‘बाझाबाझ’

■ जनजिब्रो संवाददाता—

**काठमाडौं ।** सत्ताधारी नेकपा कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले नेताहरुबीच भनाभन र वादविवाद भयो भनेर कसैले आत्तिनु नपर्ने बताएका छन् ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओली सिंगापुर उड्नुअघि बिहीबार बिहान पार्टी केन्द्रीय सचिवालयको बैठकमा आफू र प्रधमानमन्त्री ओलीबीच चलेको बाझाबाझ पार्टीभित्र एजेन्डा स्थापित गर्ने लडाईं भएको टिप्पणी वरिष्ठ नेता नेपालले गरेका हुन् ।



उक्त विषयप्रति कार्यकर्ताहरुले चिन्ता व्यक्त गरेकोमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको भन्दै नेपालले त्यो विषय ‘श्रीमान्-श्रीमतीबीचको घरझगडा’ जस्तै भएकोले सामान्य रूपमा लिन आग्रह गरे । बुझाइमा एकरूपता ल्याउन र एजेन्डा स्थापित गर्न पार्टीभित्र वादविवाद भइरहने उनको भनाइ थियो ।

‘राजनीतिमा भागेर नभई समस्यासँग जुध्दै र सामना गर्दै अघि बढ्नुपर्ने आवश्यकता हुन्छ,’ नेता नेपालले थपे ‘झगडा भयो भनेर वैवाहिक जीवनप्रति नै निराश हुनुको सट्टा समस्या समाधान गर्दै अघि बढ्नुपर्छ ।’

‘नेताहरुबीच भनाभन भएछ भनेर पूर्ववक्ता साथीले चिन्ता व्यक्त गर्नुभयो, यसबाट कोही पनि अत्तिनु पर्दैन । घरमा श्रीमान्-श्रीमतीबीच झगडा भयो भने दिक्क मान्ने ? यो त्यही हो । बिहे गर्नु नै बेकार रहेछ, —क्रमशः अन्तिम पृष्ठमा

## ‘कार्यशैली नसुधारे जनताले धपाउने’ प्रचण्डको चेतावनी

**काठमाडौं ।** सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले अहिले आफ्नो पंक्ति कम्युनिस्ट भनिए पनि आचरण र व्यवहार राजा-महाराजाजस्तो भएको टिप्पणी गर्दै वर्तमान राजनीतिक व्यवस्था टिक्न नसक्ने बताएका हुन् ।

सत्तामा जानुअघि जनतासँग गरिएका प्रतिबद्धता भुल्दै जाने मात्र नभई आफ्नै योगदान समेतलाई बिर्सँदै जाने हो बलिदानबाट प्राप्त उपलब्धिहरु सजिलै गुम्न सक्ने खतरा रहेको भन्दै अध्यक्ष प्रचण्डले जनहितलाई केन्द्रमा राखेर काम नगरे सत्ता उल्टन सक्ने सम्भावना रहेको चेतावनी दिएका हुन् ।

ललितपुरमा गत शुक्रबार आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै कम्युनिस्ट सरकारको कार्यशैली वास्तविक कम्युनिस्टको चिन्तन र विचारभन्दा —क्रमशः अन्तिम पृष्ठमा

## प्रतिबन्धित विप्लव नेकपाका ‘जनसरकार’ प्रमुख पक्राउ

**सुनवल ।** नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका नवलपरासी जिल्ला सदस्य एवं सो पार्टीसम्बद्ध जिल्ला ‘जनसरकार’ प्रमुख प्रेमप्रसाद ढकाल पक्राउ परेका छन् ।

सुनवल नगरपालिका- १३, बडेरास्थित आफ्नै घरमा सुतिरहेका उनीलाई बिहीबार राति नै पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यलय पश्चिम नवलपरासीका प्रवक्ता प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाकाअनुसार घरबाटै पक्राउ परेका ढकाललाई जिल्ला प्रहरी कार्यलयमा राखी अनुसन्धान थालिएको छ । पश्चिम नवलपरासीमा विप्लव नेकपाका अधिकांश नेताहरू यसअघि नै पक्राउ परिसकेका छन् ।

यसअघि नै पक्राउ परेका विप्लव नेकपाका जिल्ला इन्चार्ज सुमन ज्ञवाली कारागारमा छन् भने केही जिल्लास्तरका नेताहरूले विप्लव नेकपा ‘परित्याग’ गरेको भन्दै धरौटीमा समेत छुटेका छन् ।

# जो भएकै छैन, त्यसमा भ्रम किन ?

## प्रविधिको प्रयोग गर्दा ‘उत्तेजित हुनु’ आवश्यक छैन : मन्त्री बाँस्कोटा

**काठमाडौं ।** स्वास्थ्य उपचारका क्रममा सिंगापुरमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र सिंहदरबारमा रहेका मन्त्रिपरिषदका सदस्यबीचको ‘भिडियो कन्फ्रेन्सको माध्यमबाट चलाइएको मन्त्रिपरिषद् बैठक’ लाई लिएर धेरै ‘उत्तेजित नहुन’ सरकारले आग्रह गरेको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सभामुखसँग विशेष समय लिएर बोल्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटाले भिडियो कन्फ्रेन्स प्रविधिको उच्चतम् प्रयोग भएको भन्दै अनावश्यक टीकाटिप्पणी नगर्न आग्रह गरेका हुन् । ‘जे कुरा हुँदै भएको छैन, त्यसमा भ्रममा पर्नु आवश्यक छैन, त्यो मन्त्रिपरिषदको बैठक होइन, कहाँबाट ‘क्याबिनेट’, ‘क्याबिनेट’



‘क्याबिनेट’ भएर आयो, बुझ्न सकिएन, सत्य एउटै मात्र हुन्छ,’ उनले भने- ‘प्रधानमन्त्रीसँग विषयवस्तु आदान-प्रदान गरिएको हो, कुनै निर्णय गरेनौं, हामी अवसरवादी बन्दैनौं र बन्न सक्दैनौं, देश र जनताप्रतिको दायित्व र अभिभाराप्रति सधैं इमान्दार —क्रमशः अन्तिम पृष्ठमा

## भट्टराई फेरि पुगे सत्तापक्षकै कुर्सीमा

**काठमाडौं ।** तत्कालीन एमाओवादीबाट चोइटिएर छुट्टै पार्टी खडा गरेका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई बिहीबारदेखि प्रतिनिधिसभाको बैठकमा सत्तापक्ष बस्ने कुर्सीमा बस्न पुगेका छन् ।

पछिल्लो समय संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टी नेपालबीच एकता भएको संसदलाई जानकारी दिएसँग



भट्टराई पनि बिहीबारदेखि सत्तारुढ दलको सिटमा बसेका हुन् । करिव तीन महिनापछि एकता भएको —क्रमशः अन्तिम पृष्ठमा

# बेपत्तालाई सार्वजनिक गर्न राज्य किन उदासिन ?

**समय-सन्देश**

एकराज भण्डारी

२०६९ साल जेष्ठ १४ गतेभित्रमा नेपाली जनता पूर्ण रूपमा सार्वभौम सत्तासम्पन्न भएको नयाँ संरचनाको जनताको सङ्घीय गणतन्त्रात्मक संविधान हामी नेपालीले पाउनै पर्ने हुन्छ । सार्वभौम सत्तासम्पन्न स्वाभिमानी नेपालीको संविधान हाम्रा हातमा पर्नैपर्छ । त्यसबेलासम्म जनयुद्ध र जनआन्दोलनका क्रममा भएका घाइते अपाङ्गहरुको समस्या समाधानको बाटो तय भइ सक्नैपर्छ । विस्थापितहरुका व्यवस्थापनको कार्यक्रम अगाडि बढ्नु पर्छ ।

राजनीतिक आस्थाकै आधारमा लगाइएका झुट्टा मुद्धा कसैको नाममा बाँकी रहनु हुँदैन । सबभन्दा ठूलो कुरा आफ्नै आँखा अगाडि परिवारका सदस्यलाई लछारपछार गर्दै पत्राउ गरी अहिलेसम्म बेपत्ताका स्थितिमा रहेका जनताका योद्धाहरुको जानकारी तीनका परिवारलाई हुने कुराको सुनिश्चिता भइसक्नुपर्छ ।

तब मात्र बेपत्ता योद्धाका परिवाहरुका लागि चाड, पर्व, सुख, दुःखका दिनचार्यहरु सामान्य ढंगले अगाडि बढ्ने थाल्ने छन् र निरन्तर रूपमाा नेपाल समृद्धितिर अगाडि बढ्न थाल्नेछ ।

राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै ढंगले नेपाल अगाडि बढ्नथाल्नेछ । यसका लागि संविधान निर्माण सँगसँगै शान्तिप्रक्रिया पनि अगाडि बढ्नै पर्नेहुन्छ । शान्तिप्रक्रियाका विभिन्न विषयमध्ये जनयुद्धका क्रममा बेपत्ता पारिएका नागरिकहरुलाई सार्वजनिक गर्ने विषय अत्यन्त महत्वपूर्ण हो ।

शान्तिप्रक्रिया शुरुवातमै बेपत्ता नागरिक सार्वजनिक गर्ने सम्बन्धमा कानून बनिसक्नु पर्थ्यो, सो अनुसार आयोग गठन भइसक्नु पर्थ्यो, आयोगद्वारा बेपत्ता नागरिकहरु सार्वजनिक पनि भइसक्नु पर्थ्यो, त्यसैगरी परिवारहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका राहतसमेत उपलब्ध गराइसक्नु पर्थ्यो, दोषी उपर कारबाही भइसक्नुपर्थ्यो तर बेपत्ता योद्धाहरुका योगदानको राज्यबाट संस्थागत समेत गरिँदै जानुपर्थ्यो तर बिडम्बना नै मान्नुपर्छ आज पाँच वर्ष बितिसक्दा पनि सो कुनै पनि कार्य हुन सकेको छैन ।

मानिस बेपत्ता पार्ने कार्य अत्यन्त निकृष्ट अपराध हो । यो अत्यन्त मानवीय संवेदनाको विषय हो । जनयुद्धका क्रममा जब माओवादी र तत्कालीन सरकारबीच पहिलो वार्ता भएको थियो बेला पनि यस विषयलाई उठाइएको थियो तर पनि बेपत्ता नागरिक —क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २५, अङ्क- ६, भदौ १३ गते शुक्रबार, २०७६

## सम्पादकीय

# 'शीर्षपुरुष' हरूबीचको अशोभनीय 'बाझाबाझ' !

गणतान्त्रिक नेपालका पूर्वप्रधानमन्त्री हुन् वर्तमान सत्ताधारी नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल। उनी पूर्वप्रधानमन्त्री मात्र होइनन्, नेपालको एउटा मुख्य राजनीतिक खेलाडी-तत्कालीन नेकपा (एमाले) को डेढ दशक मुख्य नेतृत्व समेत सम्हालिसकेका 'शीर्ष' नेता समेत हुन्। त्यसैगरी हालको 'सर्वशक्तिमान्' सत्ताधारी पार्टीका पहिलो वरियताका अध्यक्ष हुन् केपी शर्मा ओली। उनी अध्यक्ष मात्र होइनन्, सिंगै मुलुकको बहालवाला प्रधानमन्त्री समेत हुन्, त्यो पनि अझ दोस्रो पटक।

हो, यिनै दुई 'शीर्षपुरुष' हरूबीच पार्टीको केन्द्रीय सचिवालयको बैठकमा असाध्यै तिक्ततापूर्ण बाझाबाझ भएको खबर हालै बाहिरिएको छ। तिक्तता र बाझाबाझ मात्र होइन, यी दुई 'शीर्षपुरुष' हरूबीच असाध्यै निम्नकोटीका शब्द र वाक्यांशकै प्रयोगका साथ झगडा भएको बताइएको छ।

'अगुवा नै बाटो ...' भने झैं मुलुकको बागडोर सम्हालिरहेका शीर्ष नेताहरूबीचको यसखाले 'सभ्यता' र 'संस्कृति' बाट उनीहरूलाई आदर्श मान्ने अरु नेता-कार्यकर्ता तथा आम जनताले के सिक्ने ? अझ, चनाखो भएर सत्ताका हर्ताकर्ताका अभिव्यक्ति र गतिविधि नियालिरहेका पछिल्लो पुस्ताका किशोर-किशोरी र युवाहरूले के सिक्ने ? यसतर्फ सम्बन्धितहरूको ध्यान जानुपर्छ कि पर्दैन ?

# बेपत्तालाई...

सार्वजनिक हुन सकेनन्। त्यसैगरी दोस्रो वार्ताका क्रममा कुरा उठ्यो त्यसबेला पनि केही हुन सकेन। त्यसपछि बाह्रबुँदे समझदारी हुँदै गरिएको विस्तृत शान्तिसम्झौता र अन्तरिम संविधानमा समेत यस विषयलाई उल्लेख गरियो। नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बिच भएको विस्तृत शान्तिसम्झौताको धारा ५.२.३ मा 'दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरुको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन्,' भनेे उल्लेख छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३(थ) मा 'सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनको आधारमा त्यस्ता व्यक्तिहरुका पीडित परिवारहरुलाई राहत उपलब्ध गराउने' भन्ने उल्लेख छ। राजेन्द्र ढकाल विरुद्ध तत्कालीन गृह मन्त्रालय समेत भएको २०५६ सालमा दर्ता भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०६४/२/१८ मा आदेश जारी गर्दै नेपाल सरकारका नाममा निम्नानुसार निर्देशनात्मक आदेश जारी गर्‍यो।

क) रिट निवेदन समेतका द्वन्द्वका क्रममा पक्राउ परी यथास्थिति पत्ता नलागेका व्यक्तिहरुको यथार्थ अवस्था पत्ता लगाउन कानुनको निर्माण गर्नु र सो अनुसार आयोग गठन गरी तिनलाई सार्वजनिक गर्नु।

ख) राजेन्द्र ढकाल समेतका व्यक्तिलाई पक्राउ गरी आफ्नो कब्जामा लिने कुशविक्रम राणा, विजय प्रताप शाह, हुनमान दार समेतका सुरक्षाकर्मी तथा कर्मचारीलाई यथाशीघ्र निलम्बन गरी विभागीय कारबाही गर्नु।

ग) न्याय खोज्न आउने रिट निवेदकहरुलाई एकातिर परिवारको सदस्य बेपत्ता पारिएको र अर्कोतिर मुद्धा गर्दा खेप्नु परेको हैरानीलाई समेत विचार गरी पछि राज्यबाट उपलब्ध हुने कुनै पनि सुविधा राहत रकममा गणना नहुने गरी पक्राउ परेको पुष्टि भइसकेका एक जनाका परिवारलाई २ लाख, ३ जनाका परिवारलाई प्रति परिवार डेढ लाख र बाँकी ८० जनाका परिवारलाई प्रतिपरिवार एक-एक लाख रूपैयाँ तत्काल आर्थिक राहात अनुदान रकम उपलब्ध गराउनू।

सरकारले उक्त फैसलालाई हालसम्म पनि कार्यान्वयन नगरेर सर्वोच्च अदालतको उल्लेखित निर्देशनात्मक आदेशलाई समेत मानिरहेको छैन। २०६५ सालमा बेपत्ता नागरिक सार्वजनिक गर्ने सम्बन्धी अध्यादेश ल्याइयो। सो अनुसार आयोग गठन सिफारिस समितिले गठनको काम पनि शुरु गरेको चर्चा आयो तर अगाडि बढ्न सकेन। अध्यादेश राजनीतिक सहमति नहुँदा स्वतः निष्क्रिय भयो। दुई वर्षअघि बेपत्ता नागरिक सार्वजनिक गर्ने आयोग सम्बन्धी विषय समेत समेटिएको व्यक्ति बेपत्ता पार्ने कसुर सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा दर्ता भई हालसम्म विचाराधीन अवस्थामा रहेको छ।

उक्त विधेयकमाथि विधायन समितिमा दफाबार छलफल पनि भई लगभग अन्तिम रूपमा रहेको छ। साथै छलफलमा रहेको सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयकमा दफाबार छलफलका क्रममा उठेका प्रश्नहरुको सरकारले जवाफ दिने सन्दर्भमा स्वयम् सरकारले राजनीतिक सहमतिका लागि उपसमितिमा समय माग गरेको र हालसम्म पनि सरकारले उक्त विधेयकमा राजनैतिक सहमति जुटाई जवाफ दिई नसकेकाले सो विधेयक अड्केको छ। सोसँगै बेपत्ता नागरिक सार्वजनिक गर्ने सम्बन्धी विधेयक पनि अड्केर रहेको छ। विधेयकको परिभाषा खण्डमा 'व्यक्ति बेपत्ता पार्ने कार्य', 'पीडित', 'परिपूरण' तथा 'परिवार'को परिभाषा गरिएको छ। बेपत्ता पार्ने कार्यलाई अपराध मानिएको छ। प्रस्तावित विधेयकमा अधिकतम सातवर्षसम्म कैद र पाँचलाख रूपैयाँसम्म जरिवाना हुने तथा क्षतिपूर्ति धनमाल फिर्ता समेतको व्यवस्था गरिएको छ यसमा कैद जरिवाना अझै बढाउनुपर्छ भनी संशोधन प्रस्तावहरु पनि आएका छन्। त्यसैगरी आयोग गठनका लागि सिफारिस समिति र आयोग गठनको समेत व्यवस्था गर्दै आयोगको काम कर्तव्य र अधिकारका बारेमा समेत व्यवस्था गरिएको छ। त्यसैगरी साक्षी तथा अन्य व्यक्तिको संरक्षको समेत व्यवस्था गरिएको छ। परिपूरणको व्यवस्था, बेपत्ता व्यक्तिहरुका स्मरणका लागि सालिक, स्तम्भ, पार्क आदि निर्माण गर्न सकिने भनी व्यवस्था गरिएको छ।

प्रस्तुत विधेयकको मुख्य कमसद बेपत्ता व्यक्तिलाई यथाशीघ्र सार्वजनिक गर्ने अथवा परिवारलाई यथार्थताको जानकारी दिने नै हो। यो विषय अन्य कुनै पनि विषयसँग मोलतोल तथा सौदाबाजी हुन नसक्ने हुँदा अरु विषयसँग अड्काएर यस विषयलाई रोकि राख्नु हुँदैन। मानवीय संवेदनाको यस्ता गम्भीर विषयमा सिंगो राज्यव्यवस्था गम्भीरताका साथ लागेको देखिएन। अर्थात् परिणाम अहिलेसम्म शून्यको अवस्थामा छ।

यसर्थ बेपत्ता योद्धाका परिवारजनले यो राज्यवस्थाप्रति नै गम्भीर रूपमा खेद प्रकट गर्दै आएका छन्। बेपत्ता योद्धा परिवारले उठाएको विषयहरु खास गरी क) बेपत्ता नागरिकको यथाशीघ्र सार्वजनिक गर्नुपर्ने, ख) बेपत्ता योद्धाहरुले देशका परिवर्तनमा पुर्‍याएका योगदानको कदर गर्दै संस्थागत गर्नुपर्ने, ग) बेपत्ता नागरिकका परिवारको अभिभावकत्व राज्यले ग्रहण गर्नुपर्ने र घ) मानिस पक्राउ गरी बेपत्ता पार्ने अपराधीलाई कानुनी कारबाही गर्नुपर्ने, भन्ने समेतका मागहरु समेत छन्। ती मागहरु पूरा हुने ढंगले यथाशीघ्र कानून निर्माण गरी सो अनुसार आयोग गठन र आयोगले आफ्नो कार्य तुरुन्त थालनी गर्दै बेपत्ता नागरिकको सार्वजनिक गर्ने कार्य हुनैपर्छ। यसतर्फ उदासीन हुने जो कोही संघसंस्था, व्यक्ति, राज्य, सरकार समेत जनताका अगाडि नाङ्गिने छन् अन्ततः जनता आफैंले यसको हिसाबकिताब सम्बन्धित पक्षबाट चुक्ता गरेरै छाड्ने छन्।

# नोकरशाही...

वैदेशिक लगानीका रूपमा बाहिरिन्छ। तुलनात्मक लाभका क्षेत्रको पहिचानमा यस्तो पुँजी औद्यागिक र वित्तीय पुँजीभन्दा अब्बल रहने गर्दछ किनभने यस्तो पुँजीसँग व्यापारिक र राजनीतिक दुवै सम्भावनाहरू नजिकबाट चिन्ने क्षमता विकास भएको हुन्छ। निर्यात भएर गएको देशमा पनि यसको सम्पर्कको प्राथमिकता नोकरशाही राजकीय पुँजीसँग नै हुन्छ। यदि त्यसो हुन सकेन भने त्यसले त्यो निर्यात भई पुगेको देशमा पनि राजकीय नोकरशाही पुँजीको सङ्केन्द्रणको वातावरण तयार पार्न सहयोग पुर्‍याउँदछ। आज तेस्रो विश्वका मुलुकहरूमा राष्ट्रिय पुँजीको विकासमा राजकीय नोकरशाही पुँजीले निकै ठूलो अवरोध सिर्जना गरिरहेको छ।

पुँजीमा अर्को महत्त्वपूर्ण परिवर्तन भनेको 'दलाल पुँजी' हो। दलाल पुँजी भनेको उत्पादक देशका खेताला पुँजीका रूपमा आफूलाई स्थापित गर्नु हो। आफू जोखिम मोलेर उत्पादनका क्षेत्रमा नजाने तर उत्पादकहरूको 'ब्रोकरिङ' गरेर आफूमा नाफा केन्द्रित गर्दै जन्मने पुँजी नोकरशाही पुँजी हो। आज तेस्रो विश्वका देशहरूको अधिकाङ्श उद्यमी भनिनेहरूको मुख्य आयको बाटो भनेको शक्ति राष्ट्रहरूको दलाल पुँजीपतिका रूपमा आफूलाई विकास गर्नु रहेको छ। आफ्नो क्षेत्रगत सीमाभित्र उत्पादनको जोखिम नमोल्नु दलाल पुँजीवादको मुख्य विशेषता हो। उत्पादन र तुलनात्मक लाभका क्षेत्रमा राजकीय नोकरशाही पुँजीलाई स्वागत गर्दै त्यसबाट कमिसन निकाल्नु नै नोकरशाही पुँजीको मुख्य चरित्र रहँदै आएको छ। दलाल पुँजीका कारण पनि आज तेस्रो विश्वका देशहरूमा राष्ट्रिय औद्योगिक पुँजीवादकै विकासमा समेत समस्या भएको छ।

अर्कोतर्फ, यस चरणको नयाँ विकास भनेको बौद्धिक पुँजीको मूल्यमा भएको वृद्धि पनि हो। सन् १९७० भन्दा अघि बौद्धिक कामलाई पुँजीका रूपमा स्वीकार गरिएको थिएन। बौद्धिककहरूको कामलाई सामान्य श्रम अर्थात् अलिक उच्च कोटीको श्रमका रूपमा मात्र लिने गरिन्थ्यो। तर, अहिले बौद्धिकता आफैंमा एउटा सम्पत्तिकै रूपमा बदलिएको छ। उदाहरणका रूपमा मार्क जुकरबर्गको 'फेसबुक' लाई नै लिऊँ। २४ वर्षको एउटा सामान्य युवाले गरेको एक बौद्धिक सिर्जनाले उनलाई विश्वकै सर्वोच्च धनीहरूको अग्लो सूचीको अग्रभागमा ल्याइदिएको छ। पछिल्लो बीस वर्षको अर्को महत्त्वपूर्ण विकास भनेको विज्ञान प्रविधि र सूचना सञ्चारको क्षेत्रको प्रगति पनि हो। यो विकासले आजको मानिसलाई यति शक्तिशाली बनाइदिएको छ कि जो ५० वर्ष अगाडि कल्पना नै गर्न सकिँदैनथ्यो। सूचना सञ्चार र विज्ञान प्रविधिको विकासले उत्पादन-वितरणमा मात्र सहजीकरण गरिरहेको छैन, रोबटहरूको विकासले मानिसको श्रम लगानीको विकल्प समेत तयार पारिदिएको छ। भूमण्डलीकरणले सिङ्गो विश्वलाई नै एउटा गाउँका रूपमा परिणत गरिदिएको छ। चौबीस घन्टाभित्र विश्वका कुनै पनि कुना-कुनासम्मको भ्रमण हुन सक्नु, चाहेका बेला विश्वव्यापी रूपमा सम्पर्क स्थापित गर्न सक्नु र विश्वको कुनै कुनामा घटेको घटनाको विश्वव्यापी प्रभाव रहनु अनि विश्वमा एक-अर्काबीचको अन्तर्निभरता रहनु यस अवधिको मुख्य परिवर्तन हो। उत्पादनमा यति ठूलो सहजीकरण विश्वमै यसअगाडि शायद कल्पना नै गर्न सकिँदैनथ्यो।

यस अवधिको अर्थराजनीतिको अर्को महत्त्वपूर्ण परिवर्तन भनेको अर्थराजनीति पुनः एशियामै पुनरागमनको पूर्वकाल हुनु हो। सन् १७०० भन्दा अगाडि (सत्रौं शताब्दीसम्म) अर्थराजनीतिको विकासका दृष्टिले एशिया अग्रणी थियो। भारत कब्जा गर्न दलबलसहित आएर दिल्ली कब्जा गरिसकेपछि दिल्ली, आग्रा र गुजरातको विकास देखेर अङ्ग्रेजहरू छक्क परेका थिए। चीन र मङ्गोलियामा विकास भएको मङ्गोल सभ्यता, लिच्छविकालमै भएको काठमाडौं उपत्यकाको विकास, चीनमा भएको कागज र बारुदको विकास, जापानमा भएको कपडा र चिल्ला माटाका भाँडाको विकास, सन् १२०० मै विकास भएको अटोमन साम्राज्यको विकास आदिले युरोपभन्दा एशिया नै अगाडि भएको तथ्यकै पुष्टि गर्दछ। त्यतिबेला चागेज खानले मङ्गोलियालाई केन्द्रमा राखेर युरोपसम्म पुगी आक्रमण गर्नेगरी भएको मङ्गोल साम्राज्यको विकासले पनि त्यसबेला एशिया युरोपभन्दा अगाडि रहेको कुरालाई पुष्टि गर्दछ। औद्योगिक क्रान्तिभन्दा अगाडि युरोपभन्दा एशिया नै अघि थियो। कृषि र कुटिर उद्योग मुख्य उत्पादनका साधन रहुन्जेल विशाल जनसङ्ख्या भएका चीन र भारतले विश्व अर्थतन्त्रको नेतृत्व गरेका थिए (यसको तथ्याङ्क अघिल्लो अध्यायमा नै दिइसकिएको छ)। औद्योगिक क्रान्ति अगाडि स्पेन नै युरोपको मुख्य विकसित र ठूलो अर्थतन्त्र भएको देश थियो। त्यतिबेला स्पेन मात्र एशियाली देशहरूसँग दाँज्न योग्य थियो। औद्योगिक क्रान्तिदेखि (मूलतः सन् १७५० पछि) अर्थराजनीतिको केन्द्र एशियाबाट युरोपतिर सर्‍यो। सत्रौं शताब्दीको उत्तरार्द्धतिर एशियाबाट युरोप (त्यसमा पनि बेलायत) सरेको आर्थिक केन्द्र सन् १९२० पछि (बीसौं शताब्दीमा) त्यहाँबाट पनि अमेरिका सर्‍यो। त्यही शक्ति अहिले फेरि (एक्काईसौं शताब्दीको मध्यदेखि) एशियामा (त्यसमा पनि चीनमा) सर्दैछ।

इतिहासमा शक्ति (शासन-प्रशासन र अर्थतन्त्र) को स्थानान्तरण हुँदा ठूलै घर्षण र सङ्घर्षहरू हुने गरेका छन्। के एक्काईसौं शताब्दीको शक्ति-बदली शान्तिपूर्ण रूपमा होला त ? कि झन् ठूलो शक्ति-सङ्घर्षका रूपमा अगाडि आउला ? यो चाहिँ हेर्न लायक र सोचनीय विषय हो।

# मानवाधिकार र प्रेसमाथि अंकुश लाउन खोजेको देउवाको आरोप

**काठमाडौं।** प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले स्वतन्त्र प्रेस र मानवाधिमाथि अंकुश लगाए नागरिकको अधिकार कुण्ठित हुने बताएका छन्।

सरकारले विभिन्न विभिन्न विधेयक ल्याएर प्रेस स्वतन्त्रता र मानवाधिकारमाथि अंकुश लगाउन खोजेको आरोप लगाएका हुन्। नेपाल प्रेस युनियन र अन्तर्राष्ट्रिय पत्रकार महासंघद्वारा संयुक्त रुपमा आयोजित कार्यशाला गोष्ठीमा बोल्दै काँग्रेस सभापति आफ्नो पार्टी लोकतन्त्रको रक्षाका लागि स्थापना भएको जिकिर गरे। विगतदेखि नै लोकतन्त्रको रक्षाका लागि काँग्रेसले विभिन्न लडाईं लडेको दलिल पेश गर्दै देउवाले अब पनि त्यसका लागि लाग्नु पर्ने देखिएको बताए।

गोष्ठीमा अर्का नेता डा मीनेन्द्र रिजालले मिडिया काउन्सिल, सूचना प्रविधि, विज्ञापन नियमन, मानवाधिकार र राष्ट्रिय सुरक्षा परिषदसम्बन्धी विधेयक तथा कानुनका केही व्यवस्था संविधानको भावना र मर्मविपरीत भएको आरोप लगाए।

कार्यक्रममा पछिल्लो समय देखा परेको चुनौती र युनियनजस्ता संस्थाको भूमिकाबारे अन्तर्राष्ट्रिय पत्रकार महासंघका एशिया प्रशान्त क्षेत्रीय निर्देशक जेन वर्थिङटन, नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देल, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्ष बाला अधिकारीलगायत वक्ताले आ-आफ्ना विचार व्यक्त गरेका थिए।

# नोकरशाही पुँजीको भूमण्डलीकरण

– विचार-दृष्टिकोण –

डिपी ढकाल

यहाँ पुँजी भनेको उत्पादन र विनिमय गर्नका लागि तयार पारिएको रकम अर्थात् पैसा हो । मानिस जीवनयापनका लागि कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न हुन्छ । मानिसको आर्थिक क्रियाकलापमा मानिसले कुनै वस्तु वा मालमा श्रमशक्ति जोड्दछ भने त्यहाँ नाफा वा अतिरिक्त मूल्य सिर्जना हुन्छ । नाफा वा अतिरिक्त मूल्य जो समग्र उत्पादन प्रणालीको कूल लागतभन्दा बढी निस्कन्छ, त्यो फेरि लगानीयोग्य पुँजीका रूपमा विकसित हुन्छ । सुरुको लगानीबाट सिर्जित अतिरिक्त आय, जो पुनः लगानीका लागि योग्य हुन्छ- वास्तवमा त्यो नै पुँजी हो । 'वस्तुहरूको परिचालन पुँजीको प्रस्थानविन्दु हो । वस्तुहरूको उत्पादन, तिनीहरूको परिचालन र 'व्यापार' भनिने तिनीहरूको परिचालनको बढी विकसित रूप- यिनै त्यस्ता ऐतिहासिक आधारभूमि हुन्, जसबाट पुँजीको जन्म हुन्छ । सोह्रौं शताब्दीमा विश्वव्यापी व्यापार र विश्वव्यापी बजारबाट पुँजीको आधुनिक इतिहास सुरु हुन्छ ।' यसको थप व्याख्या गर्दै कार्ल मार्क्स भन्छन्- 'पुँजीको जन्म तब मात्र हुन सक्छ, जब उत्पादन तथा जीविकाका साधनहरूको मालिकले बजारमा श्रमशक्ति बेचिरहेका स्वतन्त्र श्रमजीवीलाई भेट्टाउँदछ र यही एउटा ऐतिहासिक अवस्था नै एउटा विश्व-इतिहास बन्दछ । त्यसैले आफ्नो पहिलो उत्पत्तिदेखि नै पुँजीले सामाजिक उत्पादनको प्रक्रियामा एउटा नयाँ युगको घोषणा गर्दछ ।' पुँजीको आम चरित्रबारे मार्क्स भन्दछन्- 'पुँजी भनेको मृत श्रम हो र यो रक्तपिपाशु पिशाच जीवित श्रम चुसेर मात्र बाँचेको हुन्छ र जति बढी जीवित श्रम यसले चुस्दछ त्यति नै बढी मोटाउँदछ ।'

निश्चित रूपमा यी उद्धरण कार्ल मार्क्सले औद्योगिक पुँजी र औद्योगिक पुँजीवादको विकासको एउटा 'स्वर्णिम' कालखण्डको गहन अध्ययनपछि निकालेका निष्कर्षहरू हुन् । फलामको आविष्कारले मानिसलाई आदिम साम्यवादी युगबाट दास युगमा पुऱ्यायो । दास विद्रोहले मान्छेलाई सामन्तवादी युगमा पुऱ्यायो । सामन्तवादकै गर्भमा पन्ध्रौं शताब्दीदेखि मानिस विश्वव्यापी व्यापारमा प्रवेश गऱ्यो । पन्ध्रौं शताब्दीदेखि नै पुँजीवादको विकास हुन थालेको मानिए तापनि सत्रौं शताब्दीसम्म विश्वमा सामन्तवादकै रजगज थियो । विश्व व्यापार तथा घरेलु र कुटिर उद्योग सामन्तवादभित्रै हुर्किएका पुँजीवादका भ्रुणहरू हुन् । सत्रौं शताब्दीको मध्यतिर भएको वाष्प-इन्जिनको आविष्कारले अहिलेको आधुनिक पुँजीवादलाई जन्म दियो ।

पुँजीवादको सुरुको मूल चरित्र प्रतिस्पर्धी र क्रान्तिकारी थियो । त्यसले सामन्तवाद विरुद्धको सङ्घर्षको नेतृत्व गऱ्यो । सामन्तवादसँगको सङ्घर्षको चरणमा पुँजीवादको चरित्र सिर्जनशील औद्योगिक प्रकृतिको थियो । यसले औद्योगिक क्षेत्र र व्यापारको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको थियो । सामन्तवाद विरुद्धको लडाइँमा समाजको तल्लो वर्ग र बँधुवा किसानको नेतृत्व गरेका पुँजीपतिहरूले सामन्तवादको पराजयसँगै मजदुरहरूमाथि शोषण गर्ने प्रक्रियालाई तेज पारे । मजदुर, जसले पुँजीपतिलाई आफ्नो श्रमशक्ति बिक्री गर्छ, उसैको श्रमशक्तिको अत्यधिक दोहन गर्छ र आफ्नो पुँजी निर्माण गर्दछ । 'पुँजीको पुनः लगानी र थप श्रमशक्तिको शोषणपश्चात थप अतिरिक्त मूल्यको सञ्चितिको चक्र नै पुँजीवादको पुँजी निर्माणको मुख्य प्रवृत्ति हो' भन्ने कार्ल मार्क्सको निष्कर्ष थियो ।

यहाँनेर डेभिड रिकार्डो, एडम स्मिथलगायतका आम अर्थशास्त्रीहरू भन्दा कार्ल मार्क्स के कुरामा भिन्न छन् भने अरु अर्थशास्त्रीहरू मजदुरले श्रम बेच्ने मात्रै हो, श्रमको मूल्य लिइसकेपछि उत्पादन प्रणालीको चक्रको स्वामित्वबाट मजदुर स्वतः बाहिरिन्छ भन्ने मान्यताको पक्षपोषण गर्दछन् । तर, कार्ल मार्क्सको निष्कर्ष यस अर्थमा भिन्न छ कि मजदुरले मालिकलाई श्रम मात्र बेचिरहेको हुँदैन, उसले आफ्नो श्रमशक्ति समेत गुमाइरहेको हुन्छ त्यसैले उसले त्यस उत्पादन प्रणालीको मेरुदण्डका रूपमा गरेको लगानीका कारण पैदा भएको अतिरिक्त मूल्यमा समेत हिस्सेदार हुन पाउनुपर्छ भन्ने कुराको पक्षपोषण मार्क्सले गरेका छन् । त्यसैले मार्क्सले 'श्रम' को सट्टामा 'श्रमशक्ति' पदावलीको प्रयोग गरेका छन् ।

पुँजी निर्माणको यो सन्दर्भपछि अब पुँजीवादको चरित्रको बारेमा चर्चा गरौं । सामन्तवाद विरुद्धको लडाइँमा पुँजीवादको चरित्र भू-दासहरूसँग मिलेर सामन्तवादसँग लड्ने थियो । जब सामन्तवादको पराजय भयो र पुँजीवाद विजयी भयो त्यसपछि पुँजीवादले आफूलाई एउटा नयाँ शोषक वर्गका रूपमा स्थापित गऱ्यो । सुरुको पुँजीवादको विकास वाणिज्य पुँजीवादका रूपमा भयो । त्यसपछि पुँजीवाद औद्योगिक पुँजीवादको चरणमा प्रवेश गऱ्यो । क्रमशः औद्योगिक पुँजीवाद त्यसपछि वित्तीय पुँजीवाद हुँदै साम्राज्यवादमा प्रवेश गऱ्यो । यी प्रत्येक विकासका खास-खास चरणमा पुँजीवाद र पुँजीका खास-खास विशेषताहरू रहेका छन् । वित्तीय पुँजीवादको उच्चतम रूप साम्राज्यवादमा पुँजीको चरित्र कस्तो हुन्छ ? अब सङ्क्षेपमा चर्चा गरौं ।

सन् १८६० पछाडिदेखि औद्योगिक पुँजीको ठाउँमा वित्तीय पुँजीको हस्तक्षेप बढ्न थाल्यो । औद्योगिक पुँजीको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउँदै जान थाल्यो । प्रतिस्पर्धाको ठाउँमा एकाधिकार, कार्टेलिङ र गुटबन्दी सिर्जना हुन थाल्यो । औद्योगिक पुँजीवादमा यी चरित्रहरू देखा परेका थिएनन् । सन् १९०० को वरिपरिदेखि बैङ्क तथा वित्तीय पुँजीले औद्योगिक पुँजीमाथि नियन्त्रणकारी हस्तक्षेप गर्न सुरु गऱ्यो । पुँजीको केन्द्रीकरण र कार्टेलिङका कारण सानो पुँजी लगानी भएका औद्योगिक क्षेत्रहरू बन्द हुन थाले । कि कार्टेलिङ र गुटबन्दीमा सामेल हुनु पऱ्यो नत्र बन्द हुनु पऱ्यो भन्ने बाध्यकारी अवस्था सिर्जना भयो । पुँजीको विस्तारवादी चरित्र अधिक रूपमा बढेर गयो । ठीक यही स्थितिलाई ए.जे. हन्सनले 'इम्पेरियलिज्म' (साम्राज्यवाद) नामकरण गरे ।

साम्राज्यवाद शब्दलाई रोजा लक्जेम्बर्ग, बुखारिनलगायतले वामपन्थी राजनीतिमा पहिलो पल्ट प्रयोगमा ल्याए । भ्लादिमिर लेनिनले साम्राज्यवादलाई पुँजीवादको चरम अवस्था भनेर पुस्तक नै लेखेपछि वामपन्थी र दक्षिणपन्थी दुवै कित्ताको अर्थराजनीतिका क्षेत्रमा यो प्रचलित पदावली बन्न पुग्यो । पछिल्लो झन्डै १५० वर्षको अवधिमा भएको विकासलाई साम्राज्यवाद पदावलीले नै प्रतिनिधित्व गर्दछ । यो अवधिमा पुँजीको चरित्रमा आएको बदलावको अझैसम्म पनि सही विश्लेषण हुन सकिरहेको छैन ।

साम्राज्यवादी कालखण्डमा पनि पुँजीको मूल चरित्र लगानी गर्नु अनि नाफा कमाउनु नै हो । तर, यो मूल चरित्र यथावत रहँदा-रहँदै पनि पुँजीवादले केही नवीनतम विकास गरेको छ । सर्वप्रथमतः यो अवधिमा औद्योगिक पुँजी र वित्तीय पुँजीका अलावा एउटा अर्को नयाँ पुँजीका रूपमा विकास भयो, जसलाई 'नोकरशाही पुँजी' भनिन्छ । नोकरशाही पुँजी त्यस्तो पुँजी हो, जो पुँजीको लगानी नै नगरीकन आर्जन गरिन्छ । राज्यसत्ताको पहुँचमा पुगेकाहरूले सत्ताको राजनीतिक-प्रशासनिक हैसियतलाई असीमित सम्पत्ति (पुँजी) सङ्कलन गर्ने अवसरका रूपमा दुरूपयोग गरेर पुँजी आर्जन गर्ने र त्यही पुँजीलाई तुलनात्मक लाभका क्षेत्रहरूमा पुनः लगानी गरेर पुँजी बढाउने प्रवृत्तिको जन्म र विकास भयो ।

यसरी कुनै देशको राजनीतिक र प्रशासनिक जगमा जन्मिएको पुँजी स्वभावतः नोकरशाही प्रवृत्तिको हुने भएकाले यसलाई 'नोकरशाही पुँजी' भनिएको हो । राजकीयसत्ताको दुरूपयोगमार्फत अप्राकृतिक रूपमा जन्मिएको यस्तो नोकरशाही पुँजी फेरि पनि राजकीयसत्ताकै दुरूपयोग गरेर वित्तीय पुँजी एवम् औद्यागिक पुँजीका रूपमा बदलिन्छ । यसरी बदलिएको पुँजीलाई 'राजकीय नोकरशाही पुँजी' भन्नु उपयुक्त हुन्छ ।

यस्तो पुँजीलाई देशभित्रका तुलनात्मक लाभका क्षेत्रमा लगानी गर्न सबभन्दा सजिलो हुने गर्दछ । अर्कोतर्फ, राजनीतिक संरक्षण प्राप्त हुने भएकाले यस्तो पुँजीको पुँजीगत मूल्य यस्तो वास्तविक मूल्यभन्दा निकै बढी समेत हुने गर्दछ । चरित्रका हिसाबले सबैभन्दा छिटो, सबैभन्दा सरल र सबै हथकण्डा अपनाएर नाफा कमाउनु यस्तो पुँजीको मुख्य चरित्र एवम् ध्येय हुने गर्दछ । सबैभन्दा बढी क्रुरता र सबैभन्दा बढी अनैतिकता यस्तो पुँजीको मुख्य विशेषता हुने गर्दछ ।

राजकीय नोकरशाही पुँजीको जन्म नै अनैतिक धरातलमा हुने भएकाले यसमा वित्तीय पुँजीमा भन्दा पनि अत्यधिक नाफाखोर प्रवृत्ति हुने गर्दछ । आफ्नो उत्पत्तिको अनैतिक धरातलले गर्दा यो पुँजी छुट्टै र स्वतन्त्र अस्तित्वमा रहँदैन; यसले कि त औद्यागिक पुँजीसँग नत्र वित्तीय पुँजीसँग टाँसिएर आफ्नो स्वतन्त्र अस्तित्वलाई लुकाएरै राख्दछ ।

यसले जब तुलनात्मक लाभका सीमापार क्षेत्र देख्दछ, त्यसबेला यो प्रत्यक्ष

———— क्रमशः दोस्रो पृष्ठमा



# नेपाली भूमिमा काम गर्दा नेपाल सरकारसँग सहमति लिन र पीडितलाई क्षतिपूर्ति दिन ध्यानाकर्षण

**काठमाडौं ।** प्रतिनिधिसभा बैठकको शून्य समयमा भाग लिँदै कोशी योजानापीडित माग सम्बोधन गर्न सभामुखमार्फत् सरकारको र ध्यानाकर्षण गराएका छन् । क्षतिपूर्तिको माग गर्दै अनशनमा बसेका कोशी पीडितका मागका विषयमा तत्काल सम्बोधन गर्न सांसद सीताराम मेहताले सरकारको ध्यानाकर्षण गराएका हुन् ।

नेपाल र भारत सरकारले विसं २०११ मा गरेको कोशी सम्झौताअनुसार जग्गाको क्षतिपूर्ति दिनुपर्ने, कोशी योजनाले अधिक्रमण गरेको जग्गामा मात्र पाइलट च्यानल निर्माण गर्नुपर्ने, सन्धिअनुसार स्कूल, अस्पताल बनाउनुपर्ने, सन्धिअनुसार कोशी योजनाले नेपालको कुनै भू-भागमा काम गर्दा नेपाल सरकारसँग सहमति लिनुपर्ने र ५६ हजार ३५१ बिघा जग्गाको क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने भन्दै सांसद मेहताले नेपाल सरकारको ध्यानाकर्षण गराए ।

बिहीबार बसेको प्रतिनिधिसभा बैठकको शून्य समयमा सांसद मेहताले कोशी कटान डुबान पीडित संघर्ष समिति सुनसरी, सप्तरी र उदयपुरका स्थानीयले गत साउन ३२ गतेदेखि कोशी ब्यारेजको पूर्वी भागमा आफ्ना तीन सूत्रीय माग राख्दै संयुक्त रूपमा रिले अनशनमा बसेकाले उनीहरुका माग तत्काल सम्बोधन हुनुपर्नेमा जोड दिएका हुन् ।

# घुस माग्ने सहायक प्रधानाध्यापक र लेखापाल रकमसहित क्याप्प

**काठमाडौं ।** हाम्रो मुलुकमा भ्रष्टाचार यति मौलायो कि राजधानीको मुटुमै र विद्यालय परिसरमै घुस लेनदेन हुन्छ भन्दा अचम्म मान्नु नपर्ने भएको छ ।

सेवाग्राहीसँग घुस लिएको आरोपमा पशुपति मित्र माध्यमिक विद्यालयका चाबहिलका लेखापाल बद्रीप्रसाद पराजुली र सहायक प्रधानाध्यापक भरतविक्रम केसीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पक्राउ गरेको छ ।

विद्यालयको क्यान्टिन निर्माणको भुक्तानी दिने क्रममा सेवाग्राहीसँग घुस लिएपछि केसी र पराजुली अख्तियारको फन्दामा परेका हुन् ।

सेवाग्राहीसँग घुस मागेको सूचनाका आधारमा आयोगको कार्यालय टंगालको टोलीले विद्यालय परिसरबाट एक लाख ५० हजार रूपैयाँ घुससहित लेखापाल र सहायक प्रधानाध्यापक दुवैलाई नियन्त्रणमा लिएको थियो ।

# बाढी प्रभावित क्षेत्रमा सुख्खा लाग्यो

**काठमाडौं ।** महंगो बीउ, मल र मजदुर लगाएर गरिएको तरकारी खेती सुक्न थालेपछि देवानगञ्जका कृषकमाथि पिरालो थपिएको छ ।

बाढी खसाप बनाएर बचेको केही तरकारी खेती समेत सुक्न थालेपछि सुनसरीस्थित देवानगञ्ज गाउँपालिका-१ का स्थानीय किसान घरपरिवार कसरी चलाउने भन्ने चिन्ताले पिरोलिन थालेका हुन् । स्थानीय प्रभु मेहताले करिव २५ हजार खर्चेर पाँच कठ्ठामा लगाएको भाण्टाखेती भाण्टा एक्कासी सुक्न थालेपछि उनी चिन्तित बनेका हुन् ।

घरपरिवारको खर्च चलाउने मुख्य आयस्रोतका रूपमा रहेको तरकारी खेती केही दिन अगाडि वर्षासँगै आएको बाढीले सखाप बनाएपछि अहिले उनको अन्यौलमा परेको छ ।

उनीजस्तै स्थानीय भोलाप्रसाद मेहताले ३५ हजार खर्चेर पाँच कठ्ठामा लगाएको खुर्सानी खेती पनि सुक्न थालेको छ । आफूसँग भएको पैसाले नपुगेपछि ऋण काढेर लगानी खुर्सानी खेती लगाएका उनको पनि घरखर्चको जोहो गर्ने अभिलाषा खुर्सानीको बोटसँगै सुख्खा लागेको छ । 'केही आम्दानी होला र घरपरिवार चलाउँला' आशा खेती सुक्न थालेपछि कसरी परिवार चलाउने भन्ने चिन्तामा परिणत भएको मेहताले बताए ।

तरकारी कृषि सहकारी संस्थाका अध्यक्ष रामवृक्ष मेहताले उक्त गाउँपालिकामा मात्रै बाढीका कारण करीव ५० बिघा तरकारी बाली सुक्न थालेको बताए । सो गाउँपालिका क्षेत्रमा सयौं किसानले सहकारीबाट ऋण गरेर गरेको तरकारी खेती सुकेपछि कृषक समस्यामा परेका उनको भनाइ छ ।

बाढीका कारण सुनसरीमा पाँचसय १२ हेक्टर क्षेत्रफलमा लगाइएको तरकारी बाली नष्ट हुँदा झन्डै तीन लाख ८४ हजार मूल्य बराबरको क्षति भएको कृषि ज्ञान केन्द्र सुनसरीका बागवानी विकास अधिकृत तृपितनारायण मिश्रले बताए ।

बाढीका कारण सुनसरीमा पाँचसय १२ हेक्टर क्षेत्रफलमा लगाइएको तरकारी बाली नष्ट हुँदा झन्डै तीन लाख ८४ हजार मूल्य बराबरको क्षति भएको कृषि ज्ञान केन्द्र सुनसरीका बागवानी विकास अधिकृत तृपितनारायण मिश्रले बताए ।

# हर्रेमोडमा दुर्घटना, तीनको मृत्यु

**काठमाडौं ।** जाजरकोटबाट नेपालगञ्जतर्फ लागेको यात्रुबस रत्न राजमार्गअन्तर्गत भेरीगङ्गा नगरपालिका-५ को हर्रेमोडमा दुर्घटना हुँदा दुईजना महिला र एक जना पुरुषको ज्यान जानुका साथै २७ जना घाइते भएका छन् ।

ना४ख ९३१७ नम्बरको उक्त बस मंगलबार बिहानीपख साढे तीन बजे दुर्घटना हुँदा एकको घटनास्थलमै र दुई जनाको उपचारको क्रममा कोहलपुर मेडिकल कलेजमा मृत्यु भएको हो ।

घाइतेहरूको भेरीगंगा नगरपालिकास्थित मेडिकल र कोहलपुर मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ । सुर्खेतका प्रहरी नायव उपरीक्षक रवि रावलले दुर्घटनाको कारण खुल्न नसके पनि तीव्र गतिका कारण प्रहरीको अनुमान रहेको बताएका छन् ।

# नेकपानिकट अनेरास्ववियुका पदाधिकारीद्वारा पदभार ग्रहण

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को भातृ संगठन अनेरास्ववियुका संयोजक ऐन महर र सहसंयोजक रञ्जित तामाङ्ले पदभार ग्रहण गरेका छन् ।

संगठनको कार्यालय बागबजारमा आयोजित एक कार्यक्रमबीच अनेरास्ववियुको इन्चार्ज हितमान शाक्य र सहइन्चार्ज विनोद ढकालले महर र तामाङलाई पदभार सुम्पेका हुन् । सोही क्रममा शाक्यले भदौ महिनाभित्र अनेरास्ववियुका सबै कमिटीको एकता गर्ने गरी काम अगाडि बढाइने बताए ।

तत्कालीन नेकपा एमाले र (माओवादी केन्द्र) निकट दुई विद्यार्थी संगठन अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) बीचको एकता भई जिम्मेवारी टुंगो लाग्नका साथ उक्त संगठनको कार्यालय समेत सुचारु हुने भएको छ ।

कार्यक्रममा अनेरास्ववियुका पूर्वअध्यक्ष ठाकुर गैरे, रामकुमारी झाक्री, माधव ढुङ्गेल, नविना लामा तथा क्रान्तिकारीका पूर्वअध्यक्ष लेखनाथ न्यौपाने र रमेश मल्ल सहभागी थिए । एकतापछि अनेरास्ववियुमा दुई सय ५१ सदस्यीय केन्द्रीय कमिटी रहने व्यवस्था गरिएको छ ।

# डेङ्गु र स्क्रवटाइफस संक्रमणद्वारा तीनको मृत्यु

**काठमाडौं ।** चितवनमा मात्रै डेङ्गु र स्क्रवर्टाफसका कारण तीन जनाको मृत्यु भएको छ । स्वास्थ्य कार्यालय चितवनले आयोजना गरेको पत्रकार सम्मेलनमा साउनयता डेङ्गुको सङ्क्रमणका कारण एक वृद्धसहित स्क्रवटाइफसबाट एक युवाको र दुवै रोगको संक्रमणका कारण एक किशोरीको मृत्यु भएको कार्यालयका कीट नियन्त्रक राम केसीले पुष्टि गरेका हुन् ।

भरतपुर महानगरपालिका-१ गंगोत्री मार्ग निवासी ७१ वर्षीय पुरुषको डेङ्गुबाट, रौतहटका ३४ वर्षीय पुरुषको स्क्रवटाइफसबाट तथा भरतपुर महानगरपालिका शुक्रनगरकी स्थानीय १६ वर्षीय किशोरीको दुवै रोगका संक्रमणबाट ज्यान गएको केसीले बताए ।

किशोरीको पुरानो मेडिकल कलेजमा तथा युवा र वृद्धको चितवन मेडिकल कलेजमा उपचारकै क्रममा मृत्यु भएको थियो । जिल्लामा डेङ्गुको प्रकोप देखिएको जानकारी दिँदै पत्रकार सम्मेलनबीच साउनयता एक हजार तीन सय ५६ जनाको परीक्षण भएका मध्ये चारसय ३३ जनामा डेङ्गुको सङ्क्रमण फेला परेको केसीले बताए ।

जिल्लाभर यसको सङ्क्रमण बढ्दो सङ्ख्यामा रहेको जानकारी दिँदै केसीले भरतपुर महानगरपालिका- १, २, ३, ४, १०, ११ र १२ बढी सङ्क्रमित देखिएको पत्रकार सम्मेलनमा बताए । पत्रकार सम्मेलनमा चितवनमा स्क्रवटाइफसको सङ्क्रमण समेत फेला र साउनयता परीक्षण गराएका पाँचसय ६ मध्ये ४० जनामा स्क्रवटाइफसको सङ्क्रमण भेट्टिएको जानकारी किट नियन्त्रक केसीले बताए ।

# भारतमा सम्पन्न तालिममा नेपाल प्रहरी उत्कृष्ट

**काठमाडौं ।** नेपाल प्रहरीले भारतमा सम्पन्न 'इण्डियन पुलिस सर्भिस (आइपिएस)' तालीममा उत्कृष्ट स्थान हासिल गरेको छ । नेपाल प्रहरीका प्रहरी निरीक्षक कृष्ण खड्का 'आइपिएस तालीम-२०१७' मा उत्कृष्ट बाह्य प्रशिक्षार्थी बन्न सफल भएका हुन् ।

प्रहरी प्रधान कार्यालयका अनुसार उत्कृष्ट भएसँगै खड्का 'आइपिएस एशोसियशन अफ सोर्ड अफ अनर' बाट पुरस्कृत भएका छन् । उक्त तालीममा प्रहरी निरीक्षक अनु लामा 'वेष्ट लेडी आउटडोर प्रोवेसनर, चौँमारी र वेष्ट टर्नआउट' गरी तीन विधामा पुरस्कार हासिल गर्न सफल भएकी छन् ।

साथै, प्रहरी निरीक्षक अमर माझी 'वेष्ट स्विमिङ अवार्ड र प्रहरी निरीक्षक उमेश गुरुङ 'जयपुर कप फर पि.टी.' पुरस्कारद्वारा पुरस्कृत हुन सफल भएका हुन् । पुरस्कृत प्रहरीलाई यही भदौ ७ गते आयोजित कार्यक्रममा भारतका गृहमन्त्री अमित शाहले पुरस्कार प्रदान गरेका हुन् ।

विभिन्न विधामध्ये नेपाल प्रहरी उक्त विधामा उत्कृष्ट भएको हो । करीव दुई वर्ष लामो अवधि रहेको उक्त तालीम छ महीनाको फिल्ड अट्याचमेन्टसहित दुई चरणमा सञ्चालन हुने गर्दछ ।

# महिलामाथि शारीरिक हिंसा उस्तै

**काठमाडौं ।** नेपालमा जारी संघर्षका क्रममा थुप्रै महिलाहरुले प्रशस्तै योगदान गरेको र राजनीतिक परिवर्तनमा उत्तिकै योगदान पुऱ्याएको भए पनि अझैसम्म पनि अधिकांश महिलाहरु कुनै न कुनै रुपमा हिंसा भोग्न बाध्य बन्नु दुःखद विषय हो ।

हालै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सुदूरपश्चिम क्षेत्रमा आयोजना गरेको 'लैङ्गिक उत्तरदायी बजेट' विषयेक अन्तर्क्रिया कार्यक्रममा प्रदेशमा कूल महिला जनसंख्यामध्ये १४ दशमलव ४ प्रतिशत महिला शारीरिक हिंसामा पर्ने गरेका बताएको छ ।

उक्त तथ्याङ्कमा निजी जीवनको मामिलामा निर्णय गर्दा ५० दशमलव ५ प्रतिशत महिलाले आफ्नो स्वास्थ्यको निर्णय एकल वा संयुक्त रूपमा गर्ने गरेको उल्लेख छ । शारीरिक हिंसामा पर्नेमध्ये ६ दशमलव १ प्रतिशत यौन हिंसामा पर्ने गरेको जनाइएको छ ।

साक्षरता दर कमजोर रहेको सुदूरपश्चिम प्रदेशमा अशिक्षित महिला ४० दशमलव ९ प्रतिशत रहेका छन् । यीमध्ये ४ दशमलव ६ प्रतिशतले प्राथमिक शिक्षा पूरा गरेको, ८ दशमलव ४ प्रशिशतले मावि शिक्षा र ११ दशमलव ३ प्रतिशतले उच्च शिक्षा पूरा गरेको तथ्याङ्क छ ।

## - संक्षिप्त समाचार -

# नेकपा सल्यानले पूर्णता पायो

**काठमाडौं ।** तत्कालीन नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)बीच एकता भई नेपाल कम्युनिस्ट पार्टी (नेकपा)बनेको लामै समयपछि सल्यान जिल्ला कमिटीले पूर्णता पाएको छ ।

जिल्ला कमिटीको बैठकले सल्यानका १० वटा स्थानीय तहका संगठनमा पदाधिकारी चयन गरेसँगै सल्यानमा पार्टीले पूर्णता पाएको हो ।

जिल्ला सदरमुकाम खलङ्गामा आयोजित नेकपाको जिल्ला कमिटीको बैठकले पूर्वएमाले अध्यक्ष भएको ठाउँमा पूर्वमाओवादीको सचिव र पूर्वमाओवादीको अध्यक्ष हुने स्थानीय तहमा पूर्वएमालेको सचिव रहने गरी स्थानीय कमिटीहरुको टुङ्गो लगाएको हो ।

बागचौर, कपुरकोट, त्रिवेणी, सिद्धकुमाख र छत्रेश्वरी तथा पूर्वमाओवादीबाट शारदा, बनगाड कुपिण्डे, दार्मा, कुमाख र कालीमाटीमा पूर्वएमालेबट चयन भएको नेकपा जिल्ला अध्यक्ष गोविन्द पुनले जानकारी दिए ।

नेकपाले नवीनसिंह भडेल अध्यक्ष र यौव प्रकाश श्रेष्ठ सचिव- शारदा नगरपालिका, घनश्याम शर्मा अध्यक्ष र सचिव लोकमान बुढाथोकी- बागचौर नगरपालिका, नगरपालिकामा कृतिबहादुर राना अध्यक्ष र गुञ्जमान बुढालाई सचिव- वननगाड कुपिण्डेमा जिम्मेवारी दिने तय गरेको छ ।

यस्तै नेकपा सल्यानका अनुसार घनश्याम शर्मा अध्यक्ष र तीर्थराज बस्नेत सचिव- कपुरकोट गाउँपालिका, लोकेन्द्र खड्का अध्यक्ष र अजय रोका सचिव- त्रिवेणी गाउँपालिका, जीतबहादुर चलाउने अध्यक्ष र रामबहादुर बस्नेत सचिव- सिद्धकुमाख गाउँपालिका र ओम्भबहादुर बुढाथोकी अध्यक्ष र प्रेम खड्कालाई सचिव- तथा छत्रेश्वरी गाउँपालिकामा जिम्मेवारी बनाउने निर्णय भएको छ ।

असवीर बुढाथोकी अध्यक्ष र दलबहादुर केसी सचिव- नेकपाले दार्मा, चन्द्रबहादुर राना अध्यक्ष र भैरव शाह सचिव- कुमाख तथा शालिकराम भट्टराई अध्यक्ष र गेहेन्द्र केसीलाई सचिव- कालीमाटीमा बनाउने निर्णय पनि नेकपाले गरेको छ ।

# मौका पर्नासाथ धकेल्ने प्रवृत्ति त्यागौं

**काठमाडौं ।** मुलुकको परिवर्तनलाई आत्मसात गर्न नसक्ने तत्त्वहरू चुनौतीका रूपमा देखा परेको टिप्पणी कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले गरेका छन् ।

'रफत सञ्चार क्लब' द्वारा भक्तपुरमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै मुख्यमन्त्री शाहीले देशको विकास र समृद्धि रोक्दै राष्ट्रियतामाथि चुनौती खडा गर्न लागिपरेका त्यस्ता तत्त्वहरुको सामना गर्दै अगाडि बढ्नु पर्ने टिप्पणी गरे ।

लामो सयमसम्म कानुन नबन्दा सङ्घीयता कार्यान्वयनमा जटिलता देखिएको विश्लेषण गर्दै मुख्यमन्त्री शाहीले नेपाल सङ्घीयतामा प्रवेश गरेको डेढ वर्षसम्म सङ्घीय कानुनले पूर्णता पाउन नसक्दा त्यसप्रति संवैधानिक प्रश्न खडा भएसँगै सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच दूरी बढेको चर्चा गरे ।

तीन सरकार बीच सहमति, सहकार्य र सहअस्तित्वका आधारमा समन्वय हुनुपर्नेमा जोड दिँदै उनले मौका मिल्ना साथ एकले अर्कोलाई धकेली हाल्ने प्रवृतिको अन्त्य हुनुपर्ने बताए ।

# नेपाल–चीन सीमा वार्ता असफल, हुम्ली जनता निराश

**काठमडौं ।** नेपाल-चीनबीच सीमाक्षेत्रमा हुने अपराध नियन्त्रण गर्नका लागि दुवै देशका सुरक्षा अधिकारीबीचको वार्ता निष्कर्ष विहिन टुङ्गिएको छ ।

नेपाली टोलीको नेतृत्व गर्दै चीनको बुराङ काउण्टीको ताक्लाकोट वार्ताका लागि पुगेका संयोजक प्रमुख जिल्ला अधिकारी विनिता भट्टराईले कुनै निष्कर्ष विनै वार्ता टुंगिएको बताएका हुन् ।

टोली संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी भट्टराईले ठोस निर्णय नभएकाले चीनको माथिल्लो निकायबाट र नेपाल सरकारबाट लिखित रूपमा निर्णय गर्ने अधिकारी नआएपछि लिखित वार्ता नभएको बताए । वार्ताका लागि चिनियाँ पक्षले सिमानासँग जोडिएका नाकामा तिब्बतीहरूको आवतजावतमा कडाइका साथ जाँच गर्ने, अनधिकृत प्रवेशमा रोक लगाउने, चीनविरोधी गतिविधिमा संलग्नलाई निगरानी गर्नेलगायतका विषयमा छलफल भएको प्रजिअ भट्टराईले बताए ।

नेपाल सरकार गृहमन्त्रालयले सीमा सुरक्षा वार्तामा कुनै सम्झौतामा हस्ताक्षर नगर्ने र अनौपचारिक कार्यक्रममा सहभागी हुने भनी आदेश दिएकाले वार्तामा चिनियाँ पक्षले ल्याएको एजेण्डामा आफूले हस्ताक्षर नगरेसँगै वार्ता निष्कर्ष विनै टुङ्गिएको प्रजिअ भट्टराईको भनाइ थियो ।

चिनियाँ पक्षले तिब्बती नागरिक नेपाल हुँदै प्रवेशाज्ञा विना भारत जान रोक लगाउनु पर्ने, सीमामा हुने अनैतिक कार्य बन्द गर्नुपर्ने, मानिस आवतजावत गर्ने नाकामा संयुक्त सुरक्षा पोष्ट बनाई आवतजावतमा कडाइ गर्नुपर्ने, हिल्सा नाकाबाट हुने सुन तस्करी बन्द हुनुपर्ने, अवैध रूपमा हुने हातहतियार तथा मानव तस्करी र विभिन्न खाले सामानको ओसारपोसारमा रोक लगाउनुपर्ने सहितका एजेन्डा वार्ता क्रममा आएको पनि उनको भनाइ थियो ।

चीन सरकारका सो एजेण्डामा नेपालको तर्फबाट प्रमुख जिल्ला अधिकारी भट्टराईले हस्ताक्षर नगरेपछि वार्ता त्यतिकै टुङ्गिएको हो । विगतका वर्षमा वार्ता टोलीलाई वार्ता सकिएपछि मानसरोवर कैलाश घुमाएर नेपाल पठाउने गरिएको भए पनि यस पटकको चीनले वार्ता टोलीलाई मानसरोवर कैलाश जान नदिएर ताक्लाकोट नै फिर्ता पठाएको हो ।

चिनियाँ सीमा प्रहरीचौकी सेरामा बसेको सीमा वार्ता असफल भएसँगै समस्या समाधान होला भन्ने आशामा रहेका हुम्ली जनता निराश बनेका छन् ।

# माफियाका कारण चुरेको चर्को दोहन : तराई–मधेशमा संकट

**काठमाडौं ।** चुरे क्षेत्रको प्राकृतिक स्रोतमाथि माफियाहरुले सडक निर्माण र मानव वस्तीका नाममा गरेका उत्खनन् वन फडानीका कारण तराई-मधेशमा संकट पैदा भएको निष्कर्ष निकालिएको छ ।

मानवीय गतिविधिको दुष्परिणामका कारण तराई-मधेशमा मरुभूमिकरण बढ्दै गएको धारणा सामुदायिक सूचना नेटवर्क (सिआइएन)द्वारा आयोजित तराई-मधेशको सभ्यता, चुरे संरक्षण र संसदीय भूमिका विषयेक अन्तरक्रियाका सहभागीहरुले व्यक्त गरेका हुन् ।

उक्त क्षेत्रमा बस्ती, सडक, फँडानी, उत्खननले सङ्कट उत्कर्षमा पुगेकोतर्फ ध्यानाकर्षण गराउँदै अन्तरक्रियाका वक्ताहरुले प्राकृतिक स्रोतमाथि माफियाको चलखेल अधिक रहेको र माफियाको संरक्षण सरकारी निकायबाटै भएको आरोप समेत लगाए । चुरेको क्षेत्र मेचीदेखि महाकालीसम्म भएकाले यसको संरक्षणका लागि मेगा परियोजनाको आवश्यकता रहेको उनीहरुको भनाइ थियो ।

प्रदेश नं २ सरकारले चुरे संरक्षणबारे अपेक्षाअनुरूप ध्यान नदिएको भन्दै सहभागीहरुले चुरे संरक्षणसम्बन्धी ऐन, कानून बनाउँदा सरोकारवालासँग परामर्श गर्नु आवश्यक रहेको पनि सुनाए । विगतमा चुरे शृङ्खलामा रहेका खोच बासका भञ्याङले ढाकिएका र भूसतहलाई साना बिरुवा वा पुनरोत्पादनले ढाक्नेलगायतले वन्य सतह अत्यन्त घना भई बाढीको गतिलाई कम गर्ने र पानीलाई सोस्ने गरेको चर्चा उनीहरुले वर्तमान दोहन कार्य अधिक भएकाले प्राकृतिक विपद बाढी, डुबान, कटान, पानीको अभाव, खेतमा बालुवालगायतका समस्या विकराल पनि बताए ।

प्रदेश नं २ को प्राकृतिक स्रोत साधन तथा वातावरण समितिका सभापति रामचन्द्र मण्डलले चुरे संरक्षणको कार्य वस्तुवादी ढंगले गर्नुपर्ने भन्दै प्रदेश सरकारले वन र वातावरणसम्बन्धी विधेयक प्रदेशसभामा टेबल गरेको जानकारी दिए । आफूले प्रदेश नं २ का चुरे क्षेत्रका वन, खोलानालाको निरीक्षण गर्दा फँडानी, बस्ती विस्तारका साथै बालुवा, गिट्टीको उत्खनन प्रचुर मात्रामा भइरहेको पाएको भन्दै उनले प्रदेश सरकार चुरे क्षेत्रको समस्याप्रति गम्भीर नभएको आरोप लगाए ।

प्रदेशसभा सदस्य शिवचन्द्र चौधरीले चुरे क्षेत्रको दोहनका कारण प्राकृतिक र मानवीय समस्या भयावह भएको छ सुनाए । यस्तै सहकार्य, समन्वय र अस्तित्व बोध गर्दै सबै निकाय मिलेर चुरे क्षेत्रको समस्या समाधानप्रति अग्रसर हुनु जरुरी रहेको प्रदेशसभा अर्का सदस्य परमेश्वर साहको भनाइ थियो ।

कार्यक्रममा प्रदेशसभा सदस्य बाबुलाल साह र बबिता चौधरी चुरे क्षेत्रमा सडक निर्माण, बसोबास, माफियाको बिगबिगीप्रति गम्भीर हुनु आवश्यक रहेको धारणा व्यक्त गरे ।

# भदौ लागेसँगै जुम्ली कृषकलाई स्याउ टिप्ने चटारो

● उपेन्द्र न्यौपाने

**जुम्ला ।** कनकासुन्दरी गाउँपालिकाकी लिपु खत्रीलाई आफ्नो बगैँचामा फलेका स्याउ टिप्न भ्याइनभ्याइ भएको छ । चन्दननाथ-१० की माया देवकोटा पनि एक सातादेखि बारीमा स्याउ टिप्न व्यस्त देखिएकी हुन् । उनीहरू दुवैको बारीमा करीब एक सय पचास स्याउका बोट छन् । उनीहरू मात्र होइन, जिल्लाका किसानलाई अहिले स्याउ टिप्ने चटारो छ । भदौ लागेसँगै किसानलाई स्याउ टिप्न भ्याइनभ्याइ भएको हो । अधिकांश किसान बिहान सबेरैदेखि राति अबेरसम्म स्याउबारीमै व्यस्त देखिने गरेका छन् ।

स्याउ टिप्न शुरु भएसँगै व्यापारी स्याउ बगैंचामै आएर खरीद गर्ने क्रम बढेको छ । स्याउ खरीद गर्न नेपालगञ्ज, सुर्खेत, काठमाडौंलगायत स्थानका व्यापारी जुम्ला आएका छन् । भदौको दोस्रो सातादेखि स्याउ टिप्न र ढुवानी गर्न स्थानीय तहले अनुमति दिए पनि केही किसानले पहिले नै बगैँचा खाली गरिसकेका छन् । ढिलो टिपे स्याउ बिक्री नहुने समस्याले धमाधम बगैँचा खाली हुन थालेका हुन् ।

यस वर्ष जुम्लामा छ हजार एक सय मेट्रिकटन स्याउ फल्ने अनुमान कृषि ज्ञान केन्द्र जुम्लाको छ । जिल्लाको स्याउ उत्पादनबारे प्राविधिकले तथ्याङ्क सङ्कलन गरिहेको कृषि ज्ञान केन्द्रका अर्थविज्ञ बालकराम देवकोटाले बताए । उनका अनुसार गत वर्षभन्दा यस वर्ष स्याउ उत्पादन हुने क्षेत्र बढेकाले उत्पादन पनि बढेको अनुमान गरिएको छ । देवकोटाले स्याउको बजार वर्षेनी बढिरहेको बताए । केही वर्षअघिसम्म स्याउ बिक्री गर्न खलङ्गा बजारमा लैजानुपर्ने बाध्यता थियो । यस वर्ष व्यापारी बगैंचामै पुगेर धमाधम स्याउ खरीद गरिरहेका छन् ।

आठ वर्षअघि साविक जिल्ला विकास समितिको १५औं जिल्ला परिषद्ले जुम्लालाई प्राङ्गारिक जिल्ला घोषणा गरेको थियो । जुम्लाले विसं २०६६ मा नेपाल प्रङ्गारिक प्रमाणीकरण मान्यता पाएपछि स्याउ जिल्लाबाहिर जाने क्रम बढेको हो । स्याउको बजार जुम्लामा भन्दा पनि जिल्ला बाहिर भएकाले ढुवानीमा समस्या हुने गरेको स्याउ व्यापारीले बताउने गरेका छन् । जुम्लाको स्याउको माग काठमाडौंलगायत ठूला शहरमा बढी छ ।

स्तरीय कार्टुन नहुँदा स्याउ प्याकेजिङमा समस्या भएको कृषि ज्ञान केन्द्रका अर्थविज्ञ देवकोटाको भनाइ छ । जिल्लामा स्याउ भण्डारणको व्यवस्थासमेत नहुँदा किसान समस्यामा परेका छन् । केही किसानले आफैं स्याउ जिल्लाबाहिर बिक्रीका लागि लैजाने गरेका छन् ।

उनका अनुसार बजारको मागभन्दा धेरै स्याउ एकै पटक जाने भएकाले राम्रो भाउ नपाएको उनको भनाइ छ । केन्द्रका अनुसार जुम्लामा तीन हजार एक सय हेक्टरमा स्याउखेती गरिएकामा आठ सय हेक्टरमा मात्रै स्याउ फलेको छ । (रासस)

# विद्यार्थीद्वारा क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी

**काठमाडौं ।** तलब वृद्धिको माग गर्दै तेह्रथुमस्थित म्याङलुङ क्याम्पसको क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरिएको छ । क्याम्पसमा कार्यरत प्राध्यापक र कर्मचारीको पटक-पटक तलब वृद्धिका माग गरे पनि सुनुवाइ नभएको भन्दै क्याम्पस प्रमुख ददीराम न्यौपानेलाई कार्यकक्षमै राखेर ताल्चा लगाइएको छ ।

सेवा सुविधा वृद्धिका लागि क्याम्पस सञ्चालन समिति तथा क्याम्पस प्रमुखसँग पटक-पटक माग गरेपनि बेवास्ता गरेकाले तालाबन्दी वाध्य भएको आन्दोलन संयोजन समितिका सदस्य प्रकाश ढुङ्गानाले बताए ।

आन्दोलनकारीले दुई घण्टापछि क्याम्पस प्रमुख न्यौपाने भित्रै थुनेर राखेका थिए । आफ्ना माग सम्बोधन नभएसम्म अनिश्चितकालका लागि तालाबन्द गरिएको ढुङ्गानाले बताए ।

विसं २०३६ मा स्थापना भई हाल तीन हजार विद्यार्थी अध्ययनरत उक्त क्याम्पसमा प्राध्यापक र अन्य गरी २२ जना कर्मचारी कार्यरत छन् ।

# अकाशियो सुनको मूल्य

**काठमाडौं ।** पछिल्ला केही मनियता मूल्यमा निकै उतारचढाव आएको पहेंलो धातु सुनको मूल्य फेरि बढेको छ ।

लगातार उकालो लागेको सुनको मूल्य बिहीबार आठ सय रूपैयाँले वृद्धि भएको हो । नेपाल सुन चाँदी व्यवसायी महासंघका अनुसार बिहीबार छापावाला सुनको मूल्यमा आठ सय रूपैयाँले वृद्धि भई प्रतितोला ७३ हजार चार सय पुगेको हो । अघिल्लो दिन छापावाल सुन प्रतितोला ७२ हजार छ सय र तेजाबी सुन प्रतितोला ७२ हजार तीन सयमा कारोबार भएको थियो ।

सोही अनुरूप तेजाबी सुनको मूल्य पनि प्रतितोला आठ सय रूपैयाँले वृद्धि भई प्रतितोला ७३ हजार एक सय रुपैयाँ कायम भएको छ । यसअघि तेजाबी सुनको मूल्य प्रतितोला ७२ हजार तीन सय पुगेको थियो ।

सुनसँगै स्थानीय बजारमा चाँदीको मूल्य पनि प्रतितोला ९५ रूपैयाँले वृद्धि आठ सय ९५ रूपैयाँमा कारोबार भएको छ । गत साउन सुरुवातदेखि सुनको मूल्य तीव्र रूपमा उकालो लाग्न थालेको हो ।

अन्तर्राष्ट्रिय बजारमा बढ्दो क्रममा रहेको सुनको मूल्यले स्थानीय बजारलाई दबाबमा राखेको हो । अमेरिकी डलरको सटही दर बढेसँगै सुनको मूल्य पनि बढ्दै आएको छ । चीन-अमेरिका व्यापार टकराव तथा इरान-अमेरिका विवादले पनि सुनको भाउ बढाउन सहयोग गरेको बताइन्छ ।

# भाइरल प्रकोपले सयौं विद्यार्थी थला पर्दा पठनपाठन ठप्प

**काठमाडौं ।** भाइरल ज्वरोका कारण भोजपुरको उत्तरी भेग षडानन्द नगरपालिका दिङ्लास्थित अरुण माध्यामिक विद्यालयका सयौं विद्यार्थी एकसाथ विरामी परेका छन् ।

सो विद्यालयमा अध्ययनरत दुई सय दुई जना विद्यार्थी एकै पटक विरामी परेपछि विद्यालय नै बन्द गरिएको छ । कक्षा १ देखि १२ सम्म अध्ययनरत सयौं छात्रछात्रा भकाभक विरामी पर्न थालेपछि ४ दिनका लागि विद्यालय बन्द गरिएको त्यसका सहायक प्रधानाध्याक श्रीकृष्ण बोगटीले जानकारी दिए ।

त्यस्तै स्थानीय षडानन्द माध्यमिक विद्यालय, न्यू समिट बोर्डिङ र सनराइज बोर्डिङ स्कुलका विद्यार्थीमा समेत ज्वरोको प्रभावले विद्यार्थी एकाएक विरामी पर्न थालेपछि पठनपाठन रोक्नुपर्ने बाध्यता भएको बोगटीले बताए । केही दिन अघिदेखि शुरु भएको भाइरल ज्वरोले विद्यार्थी मात्रै होइन स्थानीयलाई ग्रसित बनाएको छ ।

नगरपालिकाका स्वास्थ्य संयोजक सुन्दर श्रेष्ठका अनुसार प्राथमिक स्वास्थ्य केन्द्रमा दिनहुँ ५० देखि ६० जना तथा अन्य स्वास्थ्य चौकीमा ३० देखि ४० जनाको हाराहारीमा भाइरलका विरामी औषधोपचारका लागि पुग्ने गरेका छन् । स्थानीयस्तरमा उपचार हुन नसकने गम्भीर किसिमका विरामीलाई टुम्लिङटार, धरान, विराटनगर पठाउने गरेको समेत श्रेष्ठले बताए ।

जिल्ला अस्पताल भोजपुरका डा. शिवजी रिजालका अनुसार दूषित खानेपानी, बदलिँदो मौसम र खानपानमा राम्रो ध्यान नदिँदा भाइरलका विरामीको चाप बढेको हो । पछिल्लो समय जिल्ला अस्पतालमा दिनहुँ १५ जनासम्म भाइरलका विरामीले बहिरंग सेवा लिइरहेको पनि डा. रिजालले जानकारी दिए ।

# भट्टराईको अभिव्यक्ति सामाजिक सद्भावविरूद्ध छ : नेता रावल

**काठमाडौं ।** सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य एवं सुदूरपश्चिम इन्चार्ज भीम रावलले टिकापुरमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सामाजिक सदभाव बिगाँने खालको अभिव्यक्ति दिएको आरोप लगाएका छन् ।

नेकपाको सुदूरपश्चिम प्रदेश कार्यालयमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै नेता रावलले यस्तो टिप्पणी गरेको हुन् ।

यसैबीच प्रदेशका सबै स्थानीय तहमा छिट्टै पार्टी विस्तार गरिने बताएका उनले गाउँ/नगर तथा जिल्लाका जनवर्गीय संगठन एकीकरण कार्यलाई तीव्रता दिइने समेत उल्लेख गरेका छन् ।

केन्द्र, जिल्ला र प्रदेशमा पार्टी एकीकरणको काम सम्पन्न भइसकेको भन्दै उनले अब प्रदेशका सबै स्थानीय तह र जनवर्गीय संगठन एकीकरणको कामलाई छिट्टै अघि बढाइने जानकारी दिए । गाउँ/नगर कमिटी एकीकरण पश्चात पार्टी सुदृढ हुने तथा गाउँपालिका र नगरपालिकाका विकास निर्माणका काम समेत प्रभावकारी रूपमा अगाडि बढ्नो नेता रावलको भनाइ थियो ।

# नेपालको १६५ रनको चुनौती श्रीलंकाली बादुरेलियालाई

**काठमाडौं ।** श्रीलंकाको कोलम्बोस्थित सरे क्रिकेट मैदानमा आयोजित उन्नाइस वर्षमुनिका खेलाडी 'नेपाली यू-१९' राष्ट्रिय क्रिकेट टोलीले श्रीलंकाको स्थानीय क्रिकेट क्लब बादुरेलियालाई जितका लागि १६५ रनको लक्ष्य प्रस्तुत गरेको छ ।

दोस्रो अभ्यास खेलमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४६ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै २०६ रन बनायो तर वर्षाले खेल प्रभावित भएपछि दोस्रो इनिङ्सको खेल ३५ ओभरमा छोट्याएपछि बादुरेलियाले डकवर्थ लेविस पद्धतिका आधारमा १६५ रनको लक्ष्य पाएको हो ।

नेपालका लागि रित गौतम र हरि चौहानले अर्धशतकीय इनिङ्स खेले । रितले सर्वाधिक ७६ रनको योगदान दिए भने हरिले ५६ रन जोडे । त्यसैगरी सन्दीप जोराले २४ तथा आसिफ शेखले १४ रन जोडे । नेपालले पहिलो अभ्यास खेलमा सिङ्हलेस क्रिकेट क्लब (एसएससी) को यू-२३ टोलीसँग तीन विकेटले पराजित भएको थियो । एसिसी यू-१९ एशिया कप क्रिकेटका लागि श्रीलङ्कामा रहेको नेपालले तयारी स्वरूप अभ्यास खेल खेलिरहेको हो ।

यस्तै एशिया कपको पहिलो खेलमा भने नेपालले आयोजक श्रीलंकासँग प्रतिस्पर्धा गर्नेछ । समूह 'बी' मा रहेको नेपालले श्रीलंकासँग यही भदौ २० गते खेल्नेछ । दोस्रो खेलमा नेपालले भदौ २२ गते बङ्गलादेश र अन्तिम खेलमा भदौ २४ गते संयुक्त अरब इमिरेट्स (युएई)सँग खेल्नेछ भने समूह ए मा भने भारत, पाकिस्तान, अफगानिस्तान र कुवेत छन् ।

# देशभर मेघगर्जन र भारी वर्षा हुने

**काठमाडौं ।** देशको पूर्वी भाग नजिक रहेको न्यून चापीय रेखा औसत स्थानभन्दा केही दक्षिणतर्फ सरेकाले देशको अधिकांश भागमा सामान्य बदलीसहित मध्यम खालको वर्षा हुनुका साथै मेघगर्जन र चट्याङ पर्ने उल्लेख गरिएको छ ।

जल तथा मौसम विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गङ्गा नगरकोटीले बताएअनुसार मुलुकको पूर्व र मध्य भागमा मौसमी गतिविधि सक्रिय भएको हो । 'उक्त रेखा भोलि पश्चिमी क्षेत्रसम्म आइपुग्ने हुनाले देशको धेरैजसो स्थानमा शुक्रबार बेलुकाबाट भारी वर्षाको सम्भावना रहेको छ,' मौसमविद नगरकोटीले भनेका छन् ।

रामेछापवासीका लागि रामेछापवासीद्वारा प्रकाशित/सम्पादित
रामेछाप पोष्ट
खोजीखोजी पढ्ने गरौं ।

हरेक आइतबार
जनप्रवाह साप्ताहिक
खोजीखोजी पढ्ने गरौं ।

२०७५ साल भदौ १ गते लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँसम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्नेनियतले भ्रुट्टा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दस हजार रूपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## राजनीतिमा...

छोराछोरी जन्माउनु नै बेकार रहेछ भन्नु ? यो जीवनको यथार्थ हो, पछाडि हट्नु हुँदैन'- नेता नेपालको भनाइ थियो ।

'आएका समस्यालाई कसरी समाधान गर्ने ? समस्या त आउँछन्, नआऊन् भन्ने हो भने पर जंगलमा गएर एक्लै तपस्या गरेर बसे हुन्छ । सामाजिक जीवनमा प्रवेश गर्ने हो भने अनेकौं समस्याहरु आउँछन्, बाधा-अवरोधहरु आउँछन्, ती समस्याहरुको सामना गर्ने आँट हुनुपर्छ र सामर्थ्य पनि हुनुपर्छ,' आफैभित्र सामर्थ्य र आँट नहुनेले केही पनि गर्न नसक्ने नेता नेपालको टिप्पणी थियो ।

अध्यक्ष ओलले (चिवालय बैठक प्रारम्भ गर्दै) 'आज एजेन्डामा छलफल हुन्न । बैठकले मेरो स्वास्थ्यलाभको कामना गरोस् । म तपाईहरूको शुभकामना लिएर उपचारमा जान्छु । मैले आफू नभएका बेला अब पार्टीको बैठक बस्ने र निर्णय लिने गरी प्रचण्डजीलाई जिम्मा दिएको छु । उहाँ (प्रचण्ड) ले म नहुँदा पनि बैठक राख्न सक्नुहुन्छ । आवश्यक निर्णय पनि लिन सक्नुहुन्छ । पार्टीका बाँकी एकताका काम टुग्याउँदै जानुहोस् । सबै निर्णय सहमतिका आधारमा गर्नुहोस् । आवश्यक पर्दा मसँग पनि टेलिफोन सम्पर्क गर्न सकिन्छ । तपाईंहरू मिलेर पार्टीलाई सर्वसम्मत ढंगले चलाउँदै गर्नुहोस्' भनेपछि वरिष्ठ नेता नेपाल कड्किएका थिए ।

'कुनै पनि हालमा सर्वसम्मत हुँदैन' नेपालले प्रश्नमाथि प्रश्न गर्दै चर्किए- 'सबै निर्णय एकलौटी गरेर कसरी सर्वसहमति ? असहमतिकै बीचमा तपाईंहरुले थुप्रै निर्णय गर्नुभएको छ । अरुलाई अनेकथरी भन्नुहुन्छ, तपाईं निकटका मान्छेले चाहिँ जे पनि बोल्न र लेख्न मिल्छ ? उनीहरुलाई अनुशासन लाग्दैन ? मैले पार्टीमा आफ्ना कुरा राख्न समेत नपाउने ? राजेन्द्र गौतमले फेसबुकमा के लेखेको त्यसरी ? हुर्नभएको छ ? तपाईंका मान्छेलाई किन कारबाही नगर्ने ?'

भनाभनकै क्रममा 'तपाईंले मेरो स्वास्थ्यबारेमा के सोच्नुहुन्छ, कहाँ-कहाँ, के-के भन्दै हिँड्नुभएको छ, बुझेकै छु । लौ भैगो तपाईको शुभकामना चाहिएन मलाई' प्रधानमन्त्री ओलीले सुनाएका थिए ।

## जो भएकै...

भइराख्छौं ।' भिडियो कन्फ्रेन्स जहाँबाट पनि हुन सक्ने उल्लेख गर्दै यसलाई ठूलो कुरा र अनर्थका रूपमा नबुझिदिन उनले आग्रह गरे । 'दिल्ली, मस्को, अमेरिकाबाट पनि भिडियो कन्फ्रेन्स हुन सक्छ,' उनले भने- 'पहिलो प्रयास र अभ्यास हो, प्राविधिक रूपमा सक्षम छौं भन्ने प्रमाणित गरेको छ ।' आफूले भिडियो कन्फ्रेन्स भएकै दिन समेत सञ्चारकर्मीलाई यसबारे स्पष्ट पारेको उनले बताए ।

भिडियो कन्फ्रेन्समा गोपनीयता नहुने, राष्ट्रहित खण्डित हुने, सार्वजनिक सत्तामाथि प्रश्न उठ्ने भन्दै प्रमुख प्रतिपक्षी दललगायतले सरकारको चर्को आलोचना गरेका थिए । संघीय संसदमै पटक-पटक सो विषयमा सरकारको धारणा माग गरिएको थियो । चौतर्फी रूपमा उक्त विषय उठेपछि सरकारका प्रवक्ता बाँस्कोटाले भने- 'हामीले कुनै ढाँटछल गरेका छैनौं, प्रविधिको प्रयोग गरेका हौं, अनावश्यक रूपमा टिप्पणी नगरौं ।'

प्रधानमन्त्रीले मन्त्रीसँग कुरा गर्दै नहुने गरी प्रश्न नउठाउन आग्रह गर्दै राष्ट्र र सार्वभौमसत्ताको विषयलाई जोडेर गरिएको गलत प्रचार आपत्तिजनक र खेदजनक भएको उनले बताए । 'प्रधानमन्त्रीको त्याग, निष्ठा र संकल्प, राजनीतिक आन्दोलनमा दिएको योगदान र राष्ट्रियताप्रतिको समर्पणका बारेमा कुनै प्रश्न उठाउनु आवश्यक छैन,' प्रवक्ता बाँस्कोटाले भने- 'सार्वभौमिकतामाथि प्रश्न उठ्डाइनु आपत्तिजनक छ ।'

प्रधानमन्त्री स्वास्थ्योपचारका लागि सिंगापुर गएको उल्लेख गर्दै त्यहाँ प्रधानमन्त्रीको उपचार चलिरहेको जानकारी पनि मन्त्री बाँस्कोटाले दिए ।

## भट्टराई...

पार्टी दर्ताको आधिकारिक पत्र निर्वाचन आयोगले संसदमा पठाएपछि डा. भट्टराई फेरि सत्तापक्षको कुर्सीमा पुगेका हुन् ।

## कार्यशैली...

भिन्न र बुर्जुवाकरण हुँदै जाने हो भने सत्ता परिवर्तन हुन समय नलाग्ने भन्दै त्यसतर्फ गम्भीर हुनुपर्ने आवश्यकता उनले औंल्याए ।

पूर्वी युरोप र सोभियत संघको उदाहरण दिँदै कम्युनिस्ट नेताले सत्तामा पुगेपछि कम्युनिस्ट चिन्तन र सिद्धान्तको कार्यशैली बिर्सनु नहुने प्रचण्डले बताए । 'कम्युनिस्ट नेता नै राजा-महाराजा जस्तो हुँदै गएपछि, कम्युनिस्ट पनि राजा महाराजा जस्ता देखिएपछि राजा-महाराजविरुद्ध लडेका जनताहरु यिनलाई पनि लखेट्नु पर्छ भन्ने अवस्था आइलागेको विडम्बना देखियो इतिहासमा,' उनले भने- 'हामीकहाँ पनि यसो हेर्दा लक्षणचाहिँ त्यतैतर्फ उन्मुख देखिँदैछ, सिस्टमचाहिँ कता-कता त्यस्तै देखिँदैछ ।'

दुई पार्टी मिलेर बनेको ठूलो पार्टीभित्र पछिल्लो समय अनुशासन र जिम्मेवारी बोधमा विचलन देखिएको भन्दै प्रचण्डले असन्तुष्टि जनाए । विगतमा जनताका समस्या बोध गर्ने, अनुशासित र जिम्मेवारी लिने पथमा देखिएका कम्युनिस्टहरु अहिले अनुशासनहीन बन्दै कर्तव्यबोधबाट पन्छिने प्रवृत्ति बढेको प्रचण्डको टिप्पणी छ ।

सत्तामा पुगेपछि जनतासँग गरेका प्रतिद्धताहरु बिर्सदै जाने प्रवृति विश्वभरिका कम्युनिस्टहरुको विशेषता नै भएको उल्लेख गर्दै अन्य मुलुकमा देखिएको प्रवृत्ति नेपालमा पुनरावृत्त हुन नदिनेतर्फ सचेत हुनुपर्नेमा अध्यक्ष प्रचण्डले जोड दिए । वर्तमान राज्यसत्ता प्राप्तिका लागि विगतमा आफैंले गरेका काम र आफ्नै योगदान समेतको अवमूल्यन गर्ने काम नेतृत्वबाट हुनु नहुनेतर्फ सधैं सचेत र सजग हुनुपर्ने आवश्यकता उनले औंल्याए ।

# 'आमा ! हाम्रा बा कता जानुभयो ?'

### - संस्मरण -

**रेखा बास्तोला**

जहाँ पुगे पनि बेलुका घर फर्किने आफ्नो श्रीमान्, त्यो रात झमक्क परिसक्दा पनि घर नआउँदा कृष्णबेटी प्रजापतिलाई कता-कता मनमा चिसो पसेको थियो । 'कतै उहाँलाई केही भयो कि ? कतै जरुरी काम परेर बस्नुभयो होला । भोलि आइहाल्नु हुन्छ नि' भन्दै आफ्नो मन बुझाइन् कृष्णबेटीले । छोराछोरीले सोध्दै थिए- 'आमा बा कता जानुभयो ? घर आउनु भए न नि ।' उनीहरुलाई पनि सामान्य उत्तर दिएर सम्झाइन् । भोलिपल्ट दिनभरी बाटो हेर्दा पनि श्रीमान्को कुनै अत्तोपत्तो थिएन । उनलाई असाध्यै चिन्ता लाग्न थाल्यो । सासूससुरा पनि गहभरि आँसु लिएर छोराको प्रतिक्षामा बसेका थिए । उहा घर नआएको तेस्रो दिन मात्रै थाहा भयो- 'उहाँलाई त हिँडिरहेको अवस्थामा काभ्रेपलाञ्चोक जिल्लाको साँगाबाट (२०५९ बैशाख १३ गते) तत्कालीन शाही सरकारका निर्दयी प्रहरीको जत्थाले गिरफ्तार गरेको रहेछ' आफ्नो श्रीमान् समातिएको दिन सम्झँदै कृष्णबेटीले भावुक मुद्रामा भन्नुभयो ।

वृद्ध सासूससुरा लिएर श्रीमान् खोज्न उनी भक्तपुर सी.डी.ओ. कार्यालय पुगिन् । त्यहाँबाट नक्साल प्रहरी कार्यालय पठाइदियो । नक्सालमा 'थाहा छैन हामीलाई' भन्यो । तर म निरन्तर हरेक व्यारेक, चौकी, सरकारी कार्यालय, मानवअधिकार आयोगलगायतका विभिन्न संघसंस्थाहरुमा धाइरहें । 'समातिएको केही महिनापछि २०५९ साउन १४ गते सूर्यविनायक व्यारेकमा भएको पत्ता लाग्यो, भेट्न पनि दियो । यातनाले उहाँको अवस्था नाजुक थियो । जिउ पूरै सुन्निएको, राम्ररी उभिन पनि नसक्ने अवस्था दाँत पनि फुक्लिएका थिए । जिउभरि नीलडाम, रगत र पीप बगिरहेका घाउहरुले मान्छे नै चिन्न नसकिने अवस्था बनाएका थिए अपराधीहरुले । उहाँको हालत देखेर मेरो मन थामिनै सकेन, मुटु फुट्लाजस्तो भयो ।

'मेरो चिन्ता नगर्नु मलाई केही हुँदैन, म ठीक छु । बच्चाहरुको राम्रो स्याहार गर, राम्रोसँग पढाऊ । आमाबाउको राम्रो ख्याल गर्नु, मलाई सम्झेर नरुनु भन्नुभयो । मैले कठोर बाटो रोजेकोले घरपरिवारप्रतिको मेरो जिम्मेवारी पूरा गर्न सकिनँ । तिमीले परिवारको जिम्मेवारी राम्रोसँग सम्हाल्नुपर्छ । मलाई केही भएछ भने पनि विचलित नहुनु । क्रान्तिकारी आन्दोलनमा तिमीले पनि सक्दो सहयोग गर्नुपर्छ । राम्रोसँग बोल्न सक्ने अवस्था नभए पनि मलाई उहाँले सम्झाउँदै भन्नुभयो । उहाँले यसरी बोलिरहँदा म केही बोल्नै सकिनँ । त्यो भयानक दुःख र बिछोडको अन्तिम भेट सम्झँदै कृष्णबेटीले आफ्नो पीडा पोख्नुभयो ।

'पछि पनि पटक-पटक म त्यो व्यारेकमा गएँ खानेकुरा र सामानहरु लिएरतर भेट्न दिएन । 'हामी दिन्छौं, त्यो सामान छोडेर जाऊ' भन्यो । तर खै के दिए होलन् र मान्छेको अनुहारका पशुहरुले । कतिसम्म गरे भने 'तिम्रो श्रीमान् हामी छुटाइदिन्छौं, पाँचहजार रूपैयाँ देऊ' भन्दै सिभिल प्रहरीहरु घरमा ठग्न पनि आए । एक पटक त ती हुन्छ कि भन्ने ठानेर पाँचहजार दिएर पठाएँ । के हुन्थ्यो मान्छेको मासु आन पल्केका दानवहरुले पैसा पनि खाए ।' न्युनतम मानवीयता समेत नदेख्ने आर्मीपुलिस देख्दा पनि घृणा लाग्छ उनलाई ।

हरेक व्यारेक र चौकी धाउनु उनको दिनचर्या नै बन्यो । आर्मीहरु भन्थे- 'तिम्रो श्रीमान् खोज्न नहिँड, भेटिँदैन । ऊ त माओवादी आतङ्ककारी हो । तिमीलाई थाहा थिएन हो । उसले के गर्छ भनेर ? बेलैमा बुद्धि पुऱ्याउनुपर्थ्यो । अब ऊ हाम्रो पञ्जामा परिसक्यो । माया मारिदेऊ ।' यसरी उनको पीडाको घाउमा झन् नुनचुक छरिदिन्थे तिनीहरु, हुन त उनलाई आफ्नो श्रीमान् के गर्छन् भनेर पहिले थाहा थिएन रे । समातिनुभन्दा केही वर्षअघि मात्र उहाँ माओवादी आन्दोलनमा लागेको कुरा थाहा पाइन् । शुरुशुरुमा यस्तो काम नगरे पनि हुन्थ्यो भनेर सम्झाउन खोजिन् रे उनले । तर श्रीमान्ले उनलाई आफू किन यो आन्दोलनमा लागेको भनेर सबै कुरा सम्झाएपछि उनी आफैं श्रीमान्को कुराले प्रभावित भइन् र श्रीमान्लाई सक्दो सहयोग गरिन् । आजकाल आफूलाई जति दुःख परेपनि श्रीमान्ले रोजेको आन्दोलनको जित होस् भनेर कामना गर्छिन् उनी ।

'सूर्यविनायक व्यारेकमा त्योबेला भेटेपछि आजसम्म उहाँलाई कहाँ र कस्तो अवस्थामा राखेको छ, कुनै पत्तो छैन । अहिले पनि उहाँलाई खोज्न म निरन्तर हिँडिरहेको छु ।

खोजी गर्न चितवन व्यारेक हुँदै भरतपुर जेलसम्म पनि पुगें । कहीं पत्ता लागेको छैन । छोरो बेपत्ता भएको शोकैशोकमा केही वर्षपछि उहाँका बाआमा दुवै बितिसक्नुभयो । छोरालाई अन्तिम पटक भेट्ने बाआमाको इच्छा पनि पूरा भएन ।'

वर्षौं बितिसक्यो क. सत्यनारायण प्रजापति बेपत्ता भएको पनि । भक्तपुर नपा वडा नं. २ जेलामा आमा कृष्णबेटी प्रजापति र बाबु आशकुमार प्रजापतिको कोखबाट २०२७ साल असार १५ गते जन्मनुभएको थियो । उहाँ असाध्यै मिनलसार र जुझारु स्वभावको हुनाले २०४७ सालबाट नै कम्युनिस्ट आन्दोलनमा क्रियाशील हुनुभयो । राजनैतिक यात्रालाई निरन्तरता दिँदै महान् जनयुद्धको शुरुवातदेखि नै सक्रियताका साथ लाग्नुभयो । श्रीमान सेनाको कब्जामा परेसँगै कृष्णबेटीको काँधमा ठूलो जिम्मेवारी आइपऱ्यो । ५ छोरी र १ छोराको शिक्षादिक्षा, पालनपोषण गर्ने उनलाई धौधौ पऱ्यो । 'परिवारको आर्थिक अवस्था निकै कमजोर, खेतीपातीकै भरमा सबै खर्च धान्नुपर्ने । घरायसी काममा तत्कालीन पार्टीले सहयोग गरेकोले बालबच्चा सुखदुःख हुर्कँदै गएको उनले सुनाइन् । पछिल्लो समय छोरीहरु सम्झाउँदै भन्ने गर्छन् रे 'मा हामी छौं, केही गर्न सक्छौं । तपाईं चिन्ता नगर्नुस्' यति भन्दा पनि मलाई ठूलो भरोसा लाग्छ तर छोरो सधैं सोध्ने गर्छ- 'मा बा खै ? आउनुहुन्न ? धेरै वर्ष भइसक्यो । दशैंतिहार वा हामीसँगै भए कति रमाइलो हुन्थ्यो । बालाई बोलाऊ न अब त ?' उसका यस्ता अभिव्यक्तिले उनलाई सहिनसक्नु हुन्छ । केही ओइलाउन लागेको घाउ फेरि बल्झिएर आउँछ । उनले छोरालाई चित्त बुझ्दो जवाफ कहिल्यै दिन सकेकी छैनन् । न त आफ्नै मन बुझाउन सकेकी छन् । दिनमा भोक न रातमा निद्रा । सधैं पीडैपीडामा बाँच्न कति गाह्रो छ । त्यो उनलाई थाहा छ । कहिलेकाहीं कतैबाट आएर श्रीमान्ले बोलाए जस्तो लाग्छ उनलाई । यथार्थमा आउँदा झसङ्ग हुन्छिन् अनि आफ्नो अगाडि सून्यता मात्रै हुन्छ । क. सत्यनाराणजस्तै हजारौं योद्धाहरु आज पनि बेपत्ता छन् । उनीहरुको त्याग र बलिदानले देशमा गणतन्त्र आएको छ । आफ्नो श्रीमान्ले देश जनताको मुक्तिका लागि गरेको योगदानलाई कायम राख्न आफ्नो ठाउँबाट सक्दो सहयोग गर्न तत्पर छन् कृष्णबेटी । 'यही पार्टी र क्रान्तिका लागि श्रीमान् बेपत्ता हुनुहुन्छ । आज माओवादी शान्तिपूर्ण राजनीतिमा आएको छ अब त हाम्रा बेपत्ता आफन्त खोज्न पार्टी कडाइका साथ लाग्नुपर्छ । बेपत्ता योद्धाहरुको त्याग र बलिदानलाई कहिल्यै बिर्सनुहुँदैन । पार्टीले बेपत्ता पार्ने काममा संलग्न अपराधिहरुलाई हदैसम्मको कारबाही गर्नुपर्छ । बेपत्ताहरुको योगदानलाई पार्टीले उच्चसम्मान गर्नुपर्छ । बेपत्ताहरुले रोजेको उद्देश्य पूरा भए हामीले भोगेको दुःख र पीडा केही कम हुनेछ । पार्टी गलत बाटोतिर नजाओस्, जनतालाई कहिल्यै धोका नदेओस् । हामी सधैं पार्टी र क्रान्तिको जीत भएको देख्न चाहन्छौं ।

## सिंगापुरबाटै प्रधानमन्त्रीले बोलाए मन्त्रिपरिषद् बैठक !

**काठमाडौं ।** स्वास्थ्योपचारका क्रममा सिंगापुरमा रहेका प्रधानमन्त्री केपी ओलीले उतैबाट सिंहदरबारमा मन्त्रिपरिषद बैठक आह्वान गरेका छन् । प्रधानमन्त्री ओलीले 'भिडियो कन्फरेन्स' बाट छलफल गर्ने गरी मन्त्रिपरिषद बैठक बोलाएका हुन् ।

सोमबार बिहान १० बजे मन्त्रिपरिषदको बैठक बस्नेछ । आधुनिक प्रविधिको प्रयोग गर्दै प्रधानमन्त्री स्वदेश वा विदेश भ्रमणमा रहेको अवस्थामा समेत मन्त्रिपरिषदको बैठक बस्न सक्ने व्यवस्था सरकारले गरेको छ । प्रधानमन्त्री बैठकमा प्रत्यक्ष उपस्थित नभएको अवस्थामा समेत भिडियो कन्फरेन्सलगायतका सूचना प्रविधिको प्रयोग गरेर मन्त्रिपरिषदको बैठक बस्न सक्ने व्यवस्था मन्त्रिपरिषदको पछिल्लो बैठकले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ मा थप गरेको थियो ।

नियमावलीमा संशोधन गरी प्रधानमन्त्री अनुपस्थित भएको अवस्थामा समेत प्रविधिको प्रयोग गरेर मन्त्रिपरिषद बैठक बस्ने व्यवस्था मिलाइएको हो । विगतमा यस्तो परम्परा नेपालमा कहिल्यै प्रचलित थिएन ।

## हात्तीको बथानले खेतबारी सर्वनास

**काठमाडौं ।** कञ्चनपुरस्थित भीमदत्त नगरपालिका-१५ मा लगाइएको धानबालीमा हात्ती बथान पसेर नोक्सान गराएपछि स्थानीय कृषक चिन्तित बनेका छन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट आएका हात्तीको बथानले गोबरैया क्षेत्रका किसानको धानबालीमा पसेर तीन दिनदेखि नोक्सान गर्दै आएको स्थानीयले बताए ।

स्थानीय राधाकृष्ण टोलीकी पार्वती भट्टले हात्तीको बथान खेतबारीमा आएपछि बालबालिका र आफ्नो ज्यान जोगाउनै मुस्किल परेको बताइन् । 'घरभित्रै थियौं, बाहिर रुख चुँडेजस्तो आवाज आयो । के भयो भनेर बाहिर आउँदा हात्ती त बारीमा आइसकेका रहेछन्,' उनले थपिन्- 'बालबालिकासहित भागेर धन्न ज्यान जोगायौं ।'

निकुञ्जको नजिकै कच्ची घर हात्तीले सहजै रूपमा भत्काउन सक्ने भएकाले भट्ट परिवारलाई ज्यान जोगाउन मुस्किल परेको थियो । विगतका वर्षमा समेत हात्तीको बथानले धानबालीमा क्षति पुऱ्याएको सम्झँदै उनले यस वर्ष पनि हात्तीको त्रास फैलिएको बताइन् । निकुञ्ज किनारका बासिन्दा सधैं हात्तीको त्रासमा बस्न बाध्य भएकाले स्थायी समाधानका लागि सरकारसित पहल गरिने उक्त नगरपालिकाका उपप्रमुख सुशिला चन्द आश्वास दिइन् ।

**कोसेली मिडिया सपोर्ट प्रा.लि.का लागि प्रकाशक/प्रधान सम्पादक** : केदारनाथ गौतम **कार्यकारी सम्पादक** : सानु राय (गौतम) **अतिथि सम्पादक** : शिव बस्नेत

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४९६००२०९ **इमेल** : janajibro@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं